इस्तेहार 2019

तृणमूल

आमा-माटो-मानिसको



# तृणमूल कंग्रेस मानिसको पक्षमा



हामी सबै देशको पक्षमा
छैनौं मोदीको पक्षमा
मानिसहरूको हितमा -
बीजेपी हटाऔं, देश बचाऔं।

# आवेदन

मेरा समस्त आमा-भाइ-बहिनीहरूलाई हाम्रो आन्तरिक श्रद्धा, प्रणाम, सलाम, जोहार, शुभेच्छा र अभिनन्दन जनाउँदछौं।

बंगालसँगसँगै अन्यान्न राज्यमा शुभ नववर्ष आइरहेछ भने रमजान महिना पनि। समस्त सम्प्रदायका मानिसहरूलाई जनाउँदछौं शुभ नववर्ष अनि रमजानको मुबारक।

श्रद्धासाथ उनीहरूलाई स्मरण गर्छौं जसले देशको निम्ति जीवन बलिदान गरे, वीर शहिद जवानदेखि शुरु गरी अनेक साधारण मानिसहरूले प्राण गुमाएका छन, उनीहरू सबैलाई हाम्रो आन्तरिक श्रद्धा चढ़ाउँदछौं।

यस मुहूर्तमा सारा भारत एउटा तात्पर्यपूर्ण समयको मुखामुखी उभिएका छन् कारण चाँढ़ै सत्रौं लोकसभा निर्वाचन 2019 हुनेछ। यसपल्टको लोकसभा निर्वाचनमा केवल राजनैतिक पक्षबाट मात्र नभएर भारतको भविष्य निर्माणको सन्दर्भमा पनि अत्यन्त महत्वपूर्ण छ। आउँदो पीढ़िको सामु कस्तो भारत उपस्थित हुनेछ त्यसको निर्धारण केही सीमासम्म यही लोकसभा निर्वाचनले गर्नेछ। यो कुरा जोड़ गरेर भन्न सकिन्छ किनभने गत 5 वर्षदेखि हामीले एउटा परिवर्ति भारतको आशा साँचेका थियौं। अनि यो परिवर्तन भएको छ शासक दल बीजेपी-को सौजन्यमा।

2014 देखि क्षमतामा आएको थियो नरेन्द्र मोदीको नेतृत्वमा बीजेपी सरकार। देशको अच्छे दिन ल्याउने प्रतिश्रुति थियो तिनीहरूको। तर यो शासनमा हामीले के देख्यौं अच्छे दिन त टाढ़ोको कुरो देश सर्वनाशको बाटोमा बढ्यो। भारत केवल एउटा देशको नाम होइन। यस प्रकारको भावधारा, जीवनबोधको कुरो र निर्देश हो भारत। यो भावधारा वा जोवनबोध प्रतिष्ठित भएको छ केही गुणावलीको सन्दर्भमा। तर बीजेपी सरकार क्षमतामा आएपछि भारतको यस चिरपरिचित वैशिष्टहरू नष्ट गरेर एउटा भिन्नै प्रकारको भारत तयार गर्न प्रस्तुत भएको छ।

हाम्रो देश आज विश्वकै वृहत्तम गणतान्त्रिक देश हो। यस गणतन्त्रको मूल जरामा भारतको प्राचीन दर्शन र  भारतको चिरकालीक परम्परा छ। वेद-उपनिषद्का गुड़ परम्पराहरू नै  रक्षित भएका छन् परवर्तित सम्राट अशोक तथा अकबरको पृष्ठपोषकतामा।

त्यसबाहेक पाश्चात्यहरूले जहाँ भिन्नहरूलाई टाढ़ा गरी आफूलाई मात्र रक्षा गर्छ त्यहाँ भारतले भिन्नहरूलाई पनि आफ्नो बनाइ तिनीहरूसँग समन्वय गरेर ऐक्य प्रतिष्ठा गर्ने प्रयास विद्यामान छ। अर्थात् कसैलाई पनि पराया नठानी उल्टो सबैलाई आफ्नो बनाउनु नै भारतको मूलमन्त्र हो। भारतवर्षले सिकाएको छ हामीलाई अहिंसाको वाणी। विभेद र हिंसा होइन, तर भारतको मर्ममूलमा सब समय कार्य गरेको छ समाजको मंगल, विश्व मानवताको मंगल। यही भारतमा बडु चण्डीदासले घोषणा गरेका थिए, सबैभन्दा माथि मानिस सत्य, त्यसभन्दा माथि केही छैन। यही भारतको भेदाभेदभन्दा माथि उठेर कबिरले जयगान गरेका थिए  मानवताको। यही भारतको मानिस साधनाको कुरो गरेर गएका थिए लालन। एउटै पाराको कुरो पाउँछौं रामकृष्ण- विवेकानन्दहरूको वाणीमा पनि। धार्मिक  भेदाभेद भए पनि एउटा समन्वय तथा तिनीहरूको शान्तिपूर्ण सहावस्थानको सपना देखेका थिए महात्मा गान्धीले पनि। त्यसैले परापूर्वकालदेखि नै भारतको यो पुण्यभूमिको वैचित्र्य धारण गरी जयगान गरेको हो मानिसको र मानवताको। वैचित्र्य मध्ये ऐक्य र समन्वय नै भारतको प्राण स्वरूप हो भारतवर्षलाई बुझ्नु हो भने यसको वैचित्र्य तथा बहुतत्त्ववादद्वारा नै बुझ्न सकिन्छ। तर बीजेपीको शासनमा गत पाँच वर्षदेखि हामीले देख्यौं भारतको वैचित्र्यमाझ एकताको अन्यान्न वैशिष्ट प्रतिदिन खतराको सम्मुखिन परिरहेछ। बीजेपी सरकारको समयमा भारतको यो अन्यान्न चरित्र मेटाएर संकीर्ण एउटा भारत निर्माणको कुचेष्टा गरिरहेको अनुभव

हामीले गरेका छौं। यहाँ मत विरोधको कुनै स्थान नै छैन। शासकको कुरोसँग एकमत हुनै पर्छ सबैलाई, एकमत नभए हुनेछ शासक दलको हमला र राष्ट्रशक्तिको हमला। शासकले यस महान देशलाई सृष्टिको परिवर्तनको नामलाई क्रमागत रूपले ध्वंसतर्फ ठेलिरहेछ। भारतलाई अंधकारमयतर्फ ठेलिदिने चेष्टा भइरहेछ। देशको कुनै पनि बुद्धिजीवि आज भारतको वर्तमान अवस्था देखेर चिन्तित र उद्विग्न छ। भारतवर्षको जुन चिरकालिक गौरव र वैभव रक्षा गर्नको निम्ति हामीले बीजेपीलाई हराउनै पर्छ। त्यसैले आगामी लोकसभा निर्वाचन शुभ बुद्धि सम्पन्न मानिसहरूको निम्ति भारतको गौरव रक्षा गर्ने परीक्षा पनि हो

बहुतत्त्ववादी भारत सम्पूर्ण विश्वमा धर्मनिरपेक्ष चरित्रको कारणले सम्माननीय छ। यही धर्मनिरपेक्षता नै भारतीय संविधानको अन्यतम वैशिष्ट हो। धर्मनिरपेक्षताको सूत्रमा नै लुकेको छ वेद-उपनिषद्बाट शुरु भएर सम्राट अशोक, अकबरको मतवाद मध्यबाट। धर्मनिरपेक्षता भारतको महत्वपूर्ण पाटो हो।जति मत त्यति पथ- ले नै भारतलाई विभिन्न सम्प्रदायको माझमा बास गरी सम्प्रीतिको दृष्टान्तलाई बचाएर राखेको छ। साम्प्रदायिक सम्प्रीतिको पताका लहराउँदै आधुनिक विश्वसामु मानवताको पाठ पढ़ाएका छन् रविन्द्रनाथ ठाकुर, स्वामी विवेकानन्द, गुरुनानक, महात्मा गान्धी, नेताजी सुभाषचन्द्र बसु, डा. अम्बेदकर, एनी बेसेन्ट जस्ता महान व्यक्तित्वहरूले। मौलाना अबुल कलाम आजाददेखि जवाहरलाल नेहरुहरूले त्यो सम्प्रीति र धर्मनिरपेक्षताको पताकालाई अझ माथिसम्म फरफराउन सक्षम बनेका थिए। तर बीजेपीको शासनमा यो अहिंसा, सम्प्रीति र धर्मनिरपेक्ष भारत क्रमश बदलिँदै गएर परिणत भएको छ हिंसा, हानाहानी तथा धर्मीय मौलवादको मुक्तक्षेत्रमा। साम्प्रदायिक विषवाष्प फैलिएर भारतको यो बहुतत्त्ववादी प्राणलाई नष्ट गर्न दलबलसहित शासक दल उत्रिएको छ। तिनीहरू विभिन्न धर्म, संस्कृतिको विविधतालाई नष्ट गरी एकमात्रिक भारत निर्माणको चेष्टामा परेको छ। तिनीहरू उदार भारतको धर्मनिरपेक्ष चरित्रलाई ध्वंस गरी त्यसलाई एउटा संकीर्ण देश हिसाबले प्रतिष्ठा गर्ने चेष्टा गरिरहेछ जहाँ राष्ट्रलाई परिचालना गर्नेछ मौलवादीहरूले।

नरेद्र मोदीको नेतृत्वमा बीजेपी सरकारले नयाँ गर्ने भन्दै यति दिनसम्म भारतलाई साम्प्रदायिक मौलवादी शक्तिको हातमा कसेर राख्यो। तिनीहरू यदि सफल भए भारतको धर्मनिरपेक्षता, उदार, बहुत्त्ववादी चरित्र हराएर परिणत हुनेछ संकीर्ण,

एकमात्रिक, एउटा साम्प्रदिक राष्ट्रमा। त्यसैले यो अपशक्तिले गान्धीजीको अहिंस भारतलाई  बनाएको छ साम्प्रदायिक हिंसा र रक्तपूर्ण प्रलेपमा। नरेन्द्र मोदीको शासनमा सारा भारतमा बीजेपी र तिनीहरूको संगीसाथीहरूले एउटा यस्तो वातावरण सृजना गर्न चाहेको छ जहाँ सबै तिनीहरूद्वारा निर्धारित हुनेछ सबै बाटोहरू। तिनीहरूले ठिक गर्नेछ देशप्रेममको संज्ञा, तिनीहरूले नै दाग लगाउने छन् देशद्रोही भनी। तर इतिहासतर्फ हेर्यौं भने आश्चर्य लाग्छ त्यो के भने स्वाधीनता संग्रामदेखि शुरु गरी देशको जातीय पताका वा संविधानमा केही आस्था थिएन यी मौलवादी शक्तिहरूको । बहुतत्त्ववादी भारतको महान आदर्शलाई कालो पोत्नु तिनीहरूले यी मौलवादी शक्तिहरूलाई छोड़िदिएका छन् मौलवाद र साम्प्रदायिकताको विषवाष्प फैलाउन। गान्धीजीको अहिंसात्मक यस भारतलाई तिनीहरूले विद्वेष, घृणा र हिंसाको कालो मेघले ढाक्न चाहिरहेका छन्।

2017 सालको नेश्नल क्राइम रेकर्डस ब्युरोद्वारा पेश गरिएको रिपोर्टानुसार 2010 देखि 2017 सम्म जति पनि पशुहत्यालाई केन्द्र गरी कुनै पनि मानिसलाई उन्मात जमातले आक्रमण गरेको छ त्यसमा 97 प्रतिशत घटना गत 3 वर्षमा घटेको छ। जसमा 63 यस्तो घटना छन् जसमा 61 वटा घटना गौरक्षक वाहिनीको हातबाट भएको छ। यस तथ्यले के स्पष्ट पार्छ भने उन्मात भीड़द्वारा मानवहत्या गर्ने जुन घटना छ त्यो नरेन्द्र मोदी नेतृत्त्व बीजेपी सरकार क्षमतामा आएपछि भएको हो। यहाँ यो कुरो पनि बुझ्न पनि आवश्यक छ त्यो के हो भने यस प्रकारको घटना ती राज्यहरूमा नै बेसी घटेको छ जहाँ बीजेपीको शासन छ।

यी सबै क्षेत्रहरूमा अपराधीहरूले मौलवादी शक्तिहरूको हातबाट वीर भनेर मर्यादा पाए। मेरो निम्ति यो नृशंस घटना जति भयावाह रह्यो त्योभन्दा धेर ती अपराधीहरूले नायकको मर्यादा पाउने विषय रह्यो। यसबाट हामी बुझ्छौं कि जुन धर्मनिरपेक्ष, सहनशील भारतको छवि छ त्यसलाई बीजेपी र दलबलले धर्मान्ध, घृणा तथा विद्वेषको अंधकारमा ठेलिरहेछ।

गत पाँचवर्षको बीजेपी शासनमा हामीले देख्यौं विश्वको सर्ववृहत्त गणतान्त्रिक देशमा गणतन्त्र विपन्न भएको। हामीले देख्यौं गणतनत्रको हनन तथा अघोषित अधिनायकवाद। मोदी आफैमा केन्द्रीत भएर देशको मानिसमाथि थोपेका छन् स्वेच्छाचारी सिद्धान्त। गणतन्त्रमा विरोधी दलको मतामत अत्यन्त महत्वपूर्ण हुन्छ तर बीजेपीले विरोधी

दलको मतलाई दमन गरेर आफ्नै सिद्धान्तलाई शिरोपरगर्छन्। तिनको हठकरी सिद्धान्त फल भोगिरहेका देशका गरीब मानिसहरूले एकातिर नोटबन्दी र अर्कोतिर जीएसटीले देशको अर्थव्यवस्थालाई पंगु पारेको छ। 2016 सालको 5नोभेम्बर थियो भारतको इतिहासमा कालो दिन। कारण त्यो दिन मोदीले नोटबन्दीको घोषणा गर्दै 500 र 1000 रूपियाँको नोट रद्द गरेका थिए जसले गर्दा प्राय: 69 प्रतिशत चल्दो मुद्रा रद्द भएको थियो। तिनको एउटा भाषणले सारा देशको मानिसहरू विपदमा परेका थिए। ब्यांकहरू सामु लामो लाइन। वृद्ध, रोगी मानिसहरू घण्टौं लाइनमा लागेका थिए भने कतिजना धक्कामुक्कीमा परेर मरेका पनि थिए।

तिनको यो निर्णयको फल भोग्यो देशको खटेर खाने, दिनमा कमाएर राती खाने साधारण मानिसहरू। क्षुद्र व्यवसायी, कृषक, श्रमिक प्रत्येककै पेटमा लात हान्यो मोदीको सिद्धान्तले। नगदको अभावले क्षुद्र व्यवसायीहरूले काँचोमाल किनमेलमा समस्या भोग्नु पर्यो। क्रेताहरूको हातमा नगद नभएकाले बिक्रेताहरूले पनि आफ्ना सामान बिक्री गर्न पाएनन्। आफ्नो कर्मचारीहरूलाई पनि तलब दिन पाएनन् मालिकहरूले। क्षेत्रिय कृषकहरूले पनि नगदको अभावमा बीउहरू किन्न पाएनन्। नोटबन्दीले गर्दा आरबीआईले पनि पैसा निकाल्ने नियम घरिघरि परिवर्तन गरिरह्यो। नोटबन्दीको प्रथम पचास दिनमा 74 वटा विज्ञाप्ती जारी गर्यो आरबीआईले। सारा देशमा एउटा यस्तो परिस्थिति तयार भयो जसमा मानिसले निद्राबाट उठेपछि आरबीआईले नयाँ के नियम ल्याउँछ भन्ने चिन्ताले सताउन थाल्थ्यो। भारतको इतिहासमा रोजगारको अनिश्चितताको यस्तो पर्याय कहिले आएको थिएन। नरेन्द्र मोदीको स्वेच्छाचारी सिद्धान्तले देशभरी नै यस्तो अनिश्चितताको कालो मेघ देखापरेको छ। नोटबन्दीको घोषणा सँगसँगै टुइटरमा मैले यस निर्णयलाई  देशको प्रधान आपत भनेर उल्लेख गरेकी थिएँ। मेरो धारणा कति सत्य थियो आज देशभरिका मानिसहरू समक्ष प्रमाणित भयो। किनभने नरेद्र मोदीले जे जे कारण दर्शाएर नोटबन्दीको सिद्धान्त लिएका थिए त्यो कुनै पनि पूर्ण भएन। नरेन्द्र मोदीले नोटबन्दीको सिद्धान्तमा मूल तीनवटा कारण दर्शाएका थिए। प्रथमत देशबाट कालो नोट समाप्त गर्ने, द्वितीयत नकली नोटहरूलाई ठेगाना लगाउने तथा तृतीयत सन्त्रासवादीहरूको हातमा पैसा जोगाउन नदिने जसले सन्त्रासवादी कर्मकाण्ड आफै  दुर्बल भएर जाने। तर कति दिन भित्रै बुझिहाल्यो कि नोटबन्दीको पदक्षेप पूर्ण रूपले व्यार्थ भयो। नरेन्द्र मोदीले घोषणा गरेका थिए कि

नोटबन्दीले देश कालोधन मुक्त हुनेछ। ब्यांकको लामो लाइनमा बस्नेहरूले देशको हित हुन्छ भन्ने ठानेका थिए। तर  सबैले विस्तारै बुझ्दै गए त्यो सबै व्यर्थ भयो भनेर। रिजर्भ ब्यांक अव् इण्डियाको 2017-18 अर्थवर्षको वार्षिक रिपोर्टमा जुन पैसा निकालिएको थियो त्यसको 99.3 प्रतिशत नै ब्यांकमा फिर्ता भयो। अर्थात् सम्पूर्ण देशवासीलाई सीमाहीन कष्टमा हालेर सयभन्दा धेर मानिसहरूको शवदेहमा उभिएर नरेन्द्र मोदीले व्यर्थता बाहेक केही उपहार दिन सकेन देशवासीलाई। नरेन्द्र मोदीले भनेका थिए, नोटबन्दी नभएर दुर्नीति विरुद्ध तिनको युद्ध। तर रिजर्भ ब्यांकको हिसाबले के देखायो भने नोटबन्दीको घटना नै वास्तवमा ठुलो दुर्नीति थियो भनेर। करोड़ौ करोड़ौ कृषक, दीन, असंगठित क्षेत्रका कर्मीहरूले सीमाहीन कष्ट भोग्नु पर्यो प्रधानमन्त्रीको यस तुघलकी सिद्धान्तले।

नरेन्द्र मोदीले निर्वाचनी प्रचार तथा नोटबन्दीको समयमा सबभन्दा धेर शब्द खर्च गरेर कालो धन तथा दुर्नीतिको विषयमा बोलेको थिए। तिनले देशवासीलाई सक्दो आश्वसन दिएका थिए कि देशलाई तिनले दुर्नीति मुक्त गर्नेछन्, समस्त कालो धन फर्काइल्याउने छन्। विदेशमा भएका कालो धन पनि तिनले फर्काइ ल्याउनेछन्।

के देखियो? कालो धन उद्धारको कुनै ठुलो खबर समाचारपत्रमा अहिलेसम्म पाइएन। बरू दुर्नीति अझ बढ़ेर गयो त्यो पनि शासक दलमा।

नरेन्द्र मोदीले तिनको भाषणमा भनेको थिए आतंकवादी क्रियकलापहरू नोटबन्दीको माध्यमले निर्मुल हुनेछ तर त्यो धारण पनि असत्य नै प्रमाणित भयो।काश्मीर अझ बेसी अशान्त बन्यो नोटबन्दी पछि। आतंकवादीहरूले एकपछि अर्को ह्त्या गर्दै गए हाम्रा जवानहरूको। अर्कोतिर छत्तीसगढ़, बिहार इत्यादि राज्यहरूमा पनि माओवादीहरूको क्रियाकलाप रोकिएन। एकप्रकारले बीजेपीको समयमा देशको आतंकवाद बढ़ेर गयो 260 प्रतिशत।

अर्थात् नोटबन्दी लिएर मोदी र बीजेपीको कुनै पनि वचन पूर्ण भएऩ। नोटबन्दीको साफल्य लिएर तिनीहरूको दाबी सबै असत्य प्रमाणित भयो। त्यसैले नोटबन्दीले देशको कुनै भलो त भएन बरू उल्टै गरिब मानिसहरूले धेरै भोग्नु पर्यो। ब्यांकमा सबै पैसा फर्किएकोले ब्यांकले सुदको हार कम्ती गर्नु कर लाग्यो। त्यसैले जो मानिसहरू ब्यांकको सुदको हारमा बाँच्थे तिनीहरूलाई चरम संकट देखापर्यो।

केवल नोटबन्दी मात्र नभएर दोषी हिसाबले देखापर्यो जीएसटी पनि। हामी सबैले भनेका थियो हामी सठिक रूपले रुपायित जीएसटीको पक्षमा छौं। देशको निम्ति गृहित यति ठुलो व्यवस्थाको निम्ति पहिले हेर्नु पर्थ्यो कि देश यसको निम्ति तयार छ कि छैन भन्ेर। त्यसैले हामी यो छिटोछिटो लागु गरेको जीएसटीको विरोधमा थियौं। यो कुरा केन्द्रलाई हामीले घरिघरि जनाएका थियौं। तर हाम्रो देशको जुन युक्तराष्ट्रीय संरचना छ त्यसलाई त्यो नरेन्द्र मोदी सरकारले कसैको कुरो नसुनी आफ्नै सिद्धान्त लागु गर्न तत्पर भयो।जीएसटीको क्षेत्रमा पनि त्यही भयो। यसको फल भोग्नु पर्यो हाम्रो देशका ससाना, खुद्रा, मझौले व्यापारीवर्गहरू तथा कृषकले ।गरीबको पेटमा हात हानेर मोदीले इतिहासमा नाम लेखाए। त्यसैले हाम्रो निम्ति जीएसटीको अर्थ हुन्छ ग्रेट सेल्फिस ट्याक्स। जुन ट्याक्स मोदीले लिएर आए साधारण मानिसलाई दिक दिन, रोजगार कम्ती गर्नु, व्यवसाय बन्द गर्न, अर्थनीतिलाई ध्वंस गर्नको निम्ति। कुनै एउटा मध्यरात भारत स्वाधीन भएका थिए ब्रिटिसहरूको हातबाट। अनि कुनै एउटा मध्यरात मोदीको हात समाएर जीएसटीको धनले देशको गरिबहरूले पाए अर्थनैतिक पराधीनता।

क्षमतामा आउने बित्तिक्कै ढोल बजाएर मेक इन इण्डिया भन्दै घोषणा गरे। वाचा गरे यो परियोजनाले देशमा आउन्े प्रचुर विदेशी लगानी तर हिसाबले बताउँछ लगानी घट्दै गएको। मोदीको समयमा पैसाको मूल्य पतनतिर लागेको छ। पेट्रोल-डिजेल दुईवटैको दाम द्रुत रूपले सेञ्चुरीतिर बढ़ेको छ। घरेलु ग्यासको दामले आकास छोएको छ। देशभरी नै रोजगारको समस्या व्याप्त छ। परिस्थिति जतातिर गइरहेछ, देवालिया हुने कगारमा देश उभिएको छ। त्यही माथि नोटबन्दी र जीएसटी लागु। सिद्धान्तको दुर्दशमा परेका छन् जनता। नरेन्द्र मोदीले चालु गरेका छन् एउटा यस्तो अर्थनैतिक दुर्दशा जसमा  पछि परेका मानिसहरूलाई बीजेपीका मानिसहरूले धर्मको राजनीति मनमा हालिदिँदैछन्, मन्दिर-मस्जिदको राजनीति, विद्‌षेको राजनीति। जहाँ धर्मान्ध मानिसहरूले आफैलाई हेर्न भुलिन्छन्, आफ्नै विकासतर्फ पनि। उसले भुलिन्छ मोदी र बीजेपीले उसको विकासको निम्ति गरेका वाचाहरू। तर हामीलाई मानिसहरू प्रति भरोसा छ। हामीलाई विश्वास छ, आउँदो लोकसभा निर्वाचनमा मानिसहरूले तिनीहरूप्रति बीजेपी सरकारले गरेको प्रताड़नाको सठिक जवाब दिनेछन् भोटद्वारा।

भारतको धेर भागमा नै मानिसहको जीविका कृषिमाथि निर्भर छ। त्यसैले कृषिको

विकासमा नै देशको विकास केही सीमासम्म जोड़िएको छ। बीजेपीको सरकार आएको देखी नै कृषकहरूको दुर्दशा शुरु भएको छ। एकातिर ऋणको बोझले जर्जरित अर्कोतिर तिनीहरूले पाइरहेका छैन फसलको न्यायमूलक दाम। यस सरकारको आमलमा सम्पूर्ण रूपले भाँचियो देशको कृषि संरचना। देशको कृषि अर्थनीतिलाई यो सरकारले वाक्क पारेको छ भने कृषि क्षमतामा ह्रास । वर्तमान यो वृद्धि दुई शतांश शेरभन्दा पनि कम्ती वा भनौं भने गत तीन दशकहरूमध्ये सर्वनिम्न। गत पाँच वर्षमा कृषिको वास्तविक आय प्रतिवर्ष कम्ती भएको छ 1.3 प्रतिशत। फसलको न्यायमूलक दाम नपाएर तथा ऋणमा डुबेर देशमा प्रतिवर्ष आत्महत्या गर्न बाध्य बनिरहेका छन् कृषकहरू। केन्द्रले यसैमाझ 2017 सालको 1 मार्चदेखि 31 मईसम्म 639 जना कृषकहरूको आत्महत्याको घटना घटेको छ। मोदी सरकारको नेतृत्वमा एकातिर कृषि उत्पादन घटेको छ भने अर्कोतिर कृषकहरूको आत्महत्याको घटना 42 प्रतिशत बढ़ेको छ।

तर जब कृषकहरूको ऋण माफीको कुरो आउँछ तब नै बीजेपी सरकारको अर्थमन्त्रीले तिनीहरूको दायी अस्वीकार गर्छन्। कृषकहरूको विक्षोभको कारणले जब कुनै कुनै राज्यले ऋण माफीको सिद्धान्त लिन्छ तब अर्थमन्त्रीले कृषक जुन राज्यको हो त्यही राज्यले भार लिनुपर्ने निर्णय सुनाउँछ। केन्द्र सरकारले कुनै दायित्व लिन अस्वीकार गर्छ। वास्तवमा कृषक सम्बन्धी कुनै पनि विषयमा केन्द्र सरकारले कुनै सहायता गर्न मान्दैन। कृषकहरूको ऋणको निम्ति कुनै चिन्ता नलिए पनि देशका धनकुबेर व्यापारीहरूको निम्ति बीजेपी साह्रै चिन्तिन रहन्छन्। तिनीहरूले करोड़ौ करोड़ौं ऋण लिएर फिर्ता नगरे पनि केन्द्रले तिनीहरूको ऋण माफी गरिदिन्छन् नभए देश छोड़ेर जाने व्यवस्था। आश्चर्य लाग्छ जहाँ कम्ती ऋण नफर्काउँदा देशको कृषक आत्महत्या गर्न बाध्य बन्छन् भने देशको करोड़ौ करोड़ौ रकम खाएकाहरूको ऋण माफी गर्छन् सरकारले। बीजेपीको समयमा 2017 सालमा सेप्टेम्बर महिनामा प्राय: 2 लाख 42 हजार करोड़ रुपियाँ आफ्नो हिसाबको खाताबाट मेटाउनु परेको थियो राष्ट्रका कतिपय ब्यांकहरूलाई।संसदमा बीजेपी सरकारकै अर्थमन्त्रीले यो कुरा भनेका हुन्। यत्रो विशाल ऋण अब चुक्ता हुँदैन भनेर नै राष्ट्रीय ब्यांकहरूले निर्णय लिएका हुन् अरे। तर कसले कति रकमको ऋण फर्काउनु पर्नेछ त्यो तथ्य चाहीं अर्थमन्त्रीले संसदमा दिएन। तथ्य बताउन ऐनको विरूद्ध पनि तर्क दिए अर्थमन्त्रीले। यस विषय लिएर कुनै शंका छैन यस ऋणको ठुलो अंश धनकुबेरहरूकै ऋण हो भनी।बीजेपी सरकार तिनीहरूप्रति

राम्रो छन् भनी नै धनकुबेरहरूले ऋण फिर्ता नगरेका हुन् पनि।

बीजेपी सरकारमा मिथ्याचारलाई बचाउने सरकारको रूपमा कार्य गरिरहेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले वाचा गरेका थिए 2022 सालसम्ममा कषकहरूको आय दुईगुणा बढ़ाउने छन्। तर तिनको पाँचवर्षे शासनमा कृषकहरूको दुर्दशमा बढ़ेर गयो। कृषि क्षेत्रमा मोदीको तीनवटै फ्ल्यागसीप स्किम निरस्त भयो।

कृषकहरूको यस दुर्दशको कारणले नै बीजेपीको शासनमा कृषकहरूले सबभन्दा धेर विक्षोभ प्रकट गरेका छन्। बीजेपीकै शासनमा कृषकहरूको दुर्दशा त्यो चरममा पुगेको छ भनी कृषकहरूकै विक्षोभबाट बुझिन्छ। एनसीआरबीले दिएको तथ्यबाट नै बुझिन्छ 2014 सालमा दशभरी 640 कृषकहरूको प्रतिवाद कर्मसूची गठन भयो भने 2016 सालसम्ममा त्यो बढ़ेर 4600 पुग्यो।  2018 साल पुगिञ्जेलसम्ममा त्यसको संख्या बहुगुण बढ़ेर गयो। हामीले देख्यौं मध्यप्रदेशमा गोली हानेर कृषकहरूलाई मारियो, प्रताड़ना गरियो त्यहाँको बीजेपी सरकारले। बीजेपी शासित महाराष्ट्रमा कृषकहरूसँग प्रताड़ना गरे त्यहाँका सरकारले। वास्तवमा बीजेपीले गरिबहरूको सरकार गठन गर्ने वाचा गर्दै क्षमतामा आएपछि त्यही गरिबहरूलाई लट्ठी प्रहार गर्यो भने विकासको नाममा धनकुबेरहरूलाई पोषण दियो।

नरेन्द्र मोदीको शासनमा देशले अनुभव गरेको छ विभीषिकामय समयको। देशमा स्वायत्य शासित, स्वाधीन संस्थाहरूलाई पनि तिनीहरूले आफ्नो आज्ञाकारी हिसाबले चलाइरहेका छन्। ती संस्थाहरूलाई बीजेपीले राजनैतिक स्वार्थको रूपमा व्यवहार गरिरहेका छन्। गणतान्त्रिक राष्ट्र व्यवस्थामा विरोधी दलहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। सरकारको विरोधीताको अधिकार, भिन्न मत प्रदानको स्वाधीनता संसदीय गणतन्त्रको आधार हो।  सीबीआईदेखि लिएर आरबीआई जस्ता देशको स्वात्य शासित, स्वाधीन संस्थाहरू गणतन्त्रको स्तम्भस्वरूप हुन्। तर नरेन्द्र मोदीले देशको गणतन्त्रलाई लुतो पार्दै दुईवटै संस्था विपर्ययको मुखामुखी छन्। एकातिर मोदीले देशको गणतन्त्रलाई विपन्न पारी देशलाई परिणत गर्न चाहिरहेछन् स्वैरतान्त्रिक हिसाबले। जहाँ शासकले जे भन्छ त्यही नै मान्नु पर्ने हुन्छ देशको जनतालाई । विरोधी दलबाट विरोधीता आए वर्तमान समयको झैं स्वभाविक घटनाहरू घटने गर्छन्। फलस्वरूप यो सरकारको समयमा विरोधीताको स्वर विपन्न भएर गएको गणतान्त्रिक आधारको एउटा स्वर।

देशभरी नै विभिन्न केन्द्रीय संस्थाहरूको तत्परता देखेर नै बुझिन्छ कि सरकारको दुर्नीति विरूद्ध युद्ध शुरु भइसकेको छ।  तर गम्भीर रूपले हेरे बुझिन्छ कि बीजेपीले यी संस्थाहरूलाई दमन गर्दै राजनैतिक हतियारको रूपमा प्रयोग गर्न इच्छुक छ  भनेर। सबै क्षेत्रमा नै यी संस्थाहरूको चलखेल बेसी छ जुन राज्यमा बीजेपी बिरोधीहरूको शासन छ। बीजेपी नेताहरू विरूद्ध आएको अभियोग तुरन्तै केन्द्रीय संस्थाहरूको नीरवताले हामीलाई आश्चर्यमा पार्छ।

हामीले देखिरहेकै छौं आसामको नागरिक पञ्जी तयारीको नाममा लाखौं लाखौं वैद्ध नागरिकहरूलाई मसौदादेखि बाहिर राखिएको छ। संवादको माध्यमद्वारा 23 लाख हिन्दु बंगाली, बंगाली मुसलमान, स्थानीय असमिया, नेपाली, बिहार, उत्तर प्रदेश र तमिलनाडुको वास्तविक भोटरहरूको नाम छोड़िएका छन्। केन्द्रीय सरकारको यस सिद्धान्तले म अवाक भएँ। मेरो दलबाट आठ सदस्यीय प्रतिनिधि दल पठाएको थिए त्यहाँको वास्तविक परिस्थिति बुझ्नलाई तर नाजिवाहिनीहरूले मेरो दललाई विमानबन्दरमा नै अड़काएर राख्यो बीजेपी सरकारले। हाम्रो प्रतिनिधि दलका महिला सदस्याहरूलाई पनि दुर्व्यवहार गरियो। पछि नागरिकपञ्जीकरण विषयमा उत्तरपूर्व राज्य निक्कै उत्तप्त बनेको थियो। विगतका बीजेपी शासनकालमा एउटा चरम अराजकता देशमा देखापर्यो।

बीजेपीको शासनकालमा देशका मानिसहरूको समस्त कर्मकाण्ड नियन्त्रण गर्न चाहन्थ्यो। नजरदारीको माध्ममद्वारा तिनीहरूले देशभरीमा भयको वातावरण सृजना भएको थियो।  2016 सालको अप्रेलदेखि फेसबुक, टुइटर, वाट्सएयापमा नजर राख्ने उद्देश्यले सोसियल मीडाया कम्युनिकेसन हब तयारी गर्ने परिकल्पना गरेको थियो केन्द्रले। तिनीहले यस्तो प्रयुक्ति लगाइरहेछ जसद्वारा डिजिटल दुनियाको सम्पूर्ण रूपले नजरदारी गर्न सकिनेछ। फेसबुक, टुइटर, वाट्सएयापका तथ्यहरू सफ्टवेयरको माध्यमद्वारा गरिन्छ भन्ने हल्ला सुनियो। यो मात्र नभएर नागरिकहरूको इ-मेलबाट पनि तथ्य जोगाड़ गर्न सक्ने पत्र तिनीहरूले पाउनेछन्। विरोधीहरूले शासकहरूको के आलोचना गरिरहेछ र त्यसले के कति प्रभावा जनमानसमा परिरहेछ त्यसको खोज पनि नजरदारीले सम्भव हुनेछ।

नागरिकहरूको संवैधानिक अधिकार हस्तक्षेप गरेर नै नजरदारी व्यवस्थाले कार्य  गर्ने छ। व्यक्ति परिसर हाम्रो संवैधानिक मौलिक अधिकार हो। तर शासकदलले गरेको

हस्तक्षेपमा हामीले तीव्र विरोधिता जनाएका थियौं। हाम्रै दलबाट सुप्रिम कोर्टमा यसको विरोधितामा केस फाइल पनि गरियो। हामी भन्छौं बीजेपी सरकारले जनताको सोसियल साइटको गोपनीयता विघ्न गर्न चाहन्छ जसले नागरिकहरूको मौलिक अधिकारको हनन हुन्छ। यस मामिलामा केन्द्र कोर्टको कोपमा परेको छ। सुप्रिम कोर्टले हाम्रो पक्ष लिएकोले केन्द्रलाई पछि हटन बाध्य बनायो।

नागरिकहरूको मौलिकमाथि केन्द्रको हस्तक्षेपमाथि यो प्रवणताले उदांगो रूपले स्पष्ट भएको छ कि 2018-को दिसम्बरमा केन्द्रीय सौराष्ट्र मन्त्रीले जारी गरेको एउटा निर्देशिकाद्वारा। त्यो निर्देशिकाअनुसार, तथ्य प्रयुक्ति ऐनको 69-1 धारानुसार देशको सवर्त्र कम्प्युटरमा नजरदारी राख्न सक्छ देशको 10 वटा केन्द्रीय संस्थाले। यो नयाँ निर्देशिकाले इ-मेल मात्र नभएर कम्प्युटर वा फोनमा भएका तथ्य, फोटो वा सबैमाथि नजरदारी चलाउन सक्छ यो दशवटा संस्थाले। यति मात्र नभएर, यो निर्देशिकामा अझ भनिएको छ, कसैलाई कसैको व्यक्तिगत तथ्यमा कुनै पनि प्रकारको सन्देश छ भने त्यो संस्थाले चाहेको खण्डमा तिनीहरूको फोन वा कम्प्युटर जफ्त गर्न सकिन्छ। जिज्ञासा पनि गर्न सकिन्छ संश्लिष्ट मोबाइल वा कम्प्युटर मालिकलाई अनि तिनीहरूले खोज गर्ने संस्थालाई सहयोगिता गरेनन् भने सातवर्षसम्मको जेलको सजाय हुन सक्छ।

एउटा गणतान्त्रिक देशको सरकारले के तिनीहरूको नागरिकहरूलाई नजरदारी गर्न सक्छ ? भन्ने प्रश्न छ। देशको शीर्ष अदालत नै संविधानको 21 नम्बर धारा अनुसार गोपनीयताको अधिकार स्वीकृत गरेको छ। तर केन्द्र सरकारले यही अधिकार खोस्न चाहन्छ जनताबाट। जनतालाई गोपनीयताको कुनै स्वीकृति दिन चाहदैन सरकारले। जातीय निरापत्ताको स्वार्थमा यदि यो नजरदारीको कुरा गरिन्छ भने यो सरकार आउनभन्दा अघिदेखि नै नजरदारीको क्षमता सरकारको हातमा थियो। यस विषयमा एकाधिक मेसिनारीहरू पनि छ सरकारको हातमा।तर नयाँ निर्देशिका कार्यकर भए कुनै पनि साधारण मानिसहरूको कुनै पनि स्वाधीनता वा गोपनीयतालाई स्वीकृति दिन चाहेन बीजेपी सरकारले। बीजेपीले देशमा अघोषित सुपर एमर्जेन्सी ल्याएको छ।

प्रधानमन्त्रीले एकपल्ट घोषणा गरेका थिए कि तिनी क्षमतामा आएपछि काश्मीर शान्त हुनेछ। कुनै आतंककारीहले भारतमा प्रवेश गर्ने साहस पाउने छैन। तर हामीले देख्यौं बीजेपी सरकार आएपछि काश्मीर अझ अशान्त बन्यो। एकपछि अर्को आतंकवादी हमलामा हाम्रो जवानहरूले प्राण गुमायो। पुलवामाको घटना काश्मीरको

अन्यतम एउटा ठुलो आतंकवादी हमला हो जसमा 40 जनाभन्दा झेर वीर जवानहरूले प्राण गुमाए। सबभन्दा धेर आश्चर्यको कुरो यो हमला विषयमा पहिल्यै सतर्कता भए पनि रोक्न सकेन यो हमलालाई बचाउन सकेनन् हाम्रा सैनिकहरूलाई। आफ्नो सबै प्रकारको व्यर्थता लुकाउन भोट अघि कतै बीजेपीले खेलेको गेमप्लान त होइन? भन्ने पनि लाग्छ मलाई त।

गत पाँचवर्षमा बीजेपीको शासनको इतिहास वास्तवमा मानिसहरूलाई प्रताड़ना गरेको इतिहास हो। यो समयमा हामीले मानिसहरूको जीवनमा सीमाहीन दुर्दशा देख्यौं। यस सरकारको अवधिमा स्वजनपोषण तथा दुर्नीतिको स्वर्गराज भएको छ भारतमा। केन्द्रका सबै संस्थाहरूमा सबै क्षमताशाली पदहरू दिइएको छ बीजेपीका घनिष्टहरूलाई। विभिन्न संवैधानिक पदहरूमा पनि बीजेपीकै स्नेहीहरू आसिन छन्। यही शासनमा देख्यौं शैक्षिक क्षेत्रमा पनि एकपछि अर्को राष्ट्रीय हस्तक्षेप। कुनै बुद्धिजीवीले सरकारको विरोध गरे पदबाद हटाउने क्रम पनि यही शासनकालमा देख्यौं। बीजेपीका विभिन्न कर्पोरेट धनकुबेरहरूले पाइरहेका छन् विभिन्न बहिर्भुत सुविधाहरू। ब्यांकबाट करोड़ौं करोड़ौ ऋणको व्यवस्था भइरहेछ तिनीहरूको निम्ति। यी ऋणहरू चुकाउन नसके देशबाट बाहिर भगाउने व्यवस्था पनि यो सरकारले गरिरहेछ।

शासक बीजेपी देशमा देशप्रेमको मोड़लाई उग्रतामा परिवर्तन गरिरहेछ। उग्रतावादको विरूद्धमा मत प्रकट गरे देशद्रोही भनी शास्ती प्रदान गरिन्छ। यो सबै देखिरहेका छौं यही जमानामा नै। मोदी तथा बीजेपीले देशमा एउटा यस्तो धारणा तयारी गरिरहेछ जसमा तिनीहरू एकमात्र देशको मंगलकारी हुन्, तिनीहरूसँग एकमत नभए देशद्रोहीको तकमा लगाइन्छ। हीरक राजाको देशमा हामीले देख्यौं जहाँ प्रजालाई प्रश्न गर्ने कुनै अधिकार नै छैन। नरेन्द्र मोदीको जमानामा पनि हामीले देख्दैछौं हीरक राजाको देशको छाया परेको छ भारतमा। तर जुन बीजेपीले आज देशमा जसलाई देशप्रेमको सार्टिफिकेट बाँड़िरहेछ ती पितृ संगठनहरूको भारतको स्वाधीनता संग्राममा भूमिका थियो नकारात्मक। भारतको स्वाधीनता संग्राममा जो विपक्षमा थिए तिनीहरू नै आज देशप्रेमको ठेकादार भएका छन्। देशभरी नै तिनीहरूले मानवतालाई लत्याएर भ्रम सृजना गरी देशप्रेमको मोह तयार पारिरहेछन्। जहाँ देशद्रोही भनी कसैलाई पनि आक्रमण गर्न सकिन्छ।

मोदीको जमानामा नै हामीले देख्यौं मानवाधिकारको अन्तिम विपन्नता। नरेन्द्र मोदीले

स्वच्छ भारतको कुरो ठिकै भनेका  हुन तर साँचो अर्थमा स्वच्छ रूपले सारा विश्वले थाहा पाएको छ कि भारत तिनीहरूको शासनमा उन्मत्त जल्लादहरूको मुक्त विचरण क्षेत्रमा परिणत भएको थियो। तिनीहरूको स्लोगन थियो सब का साथ सब का विकास। तर गत पाँच वर्षमा त्यो स्लोगन भिन्नै रूपले प्रतिष्ठित भयो देशमा।  एकपछि अर्को हत्या, मुसलमान दलितहरूको रक्तले भिजेको देशमा सबैको विकास नभएर शवको विकास भयो। त्यसैले यस मुहूर्तमा समयको माग छ कि आउँदो लोकसभा निर्वाचनमा शुभबुद्धि सम्पन्न मानिसहरो एकजुट भएर यो विभाजनको राजनीति, विद्वेषको राजनीतिलाई अस्वीकृत गरी नयाँ महान भारत बनाउन जुटौं।

गत पाँच वर्षमा बीजेपी सरकारको जनविरोधी नीतिको विरूद्धमा विक्षोभले आन्दोनको पथ देखाएको छ सर्व भारती तृणमूल  कंग्रेसले। हमला र मामला दिएर हामीलाई डर देखाउने चेष्टा भए पनि मानिसहरूलाई साथमा लिएर हामीले नै सबभन्दा धेर विरोधिता गर्यौं यस स्वेच्छाचारी, स्वैराचारी शासकहरूको विरूद्धमा। केन्द्रले वंञ्चना गरे पनि पश्चिम बंगालको आमा-माटो-मानिसको तृणमूल सरकार अघि बढीरहेछ विकासको विजयपथमा। सारा देशसामु पश्चिम बंगाल भएको प्रगति र उन्नतिको पथप्रदर्शक। जहाँ सारा देशमा 2 करोड़ रोजगार कम्ती भएको छ तथा बेकारी समस्या बढ़ेको छ त्यही पश्चिम बंगालले उल्टो चित्र प्रस्तुत गरेको छ। यहाँ बेकारी समस्यामा 40 प्रतिशतको कमी आएको छ। यसबाहेक विकासको विभिन्न क्षेत्रमा देशभरी हामी नै सर्वश्रेष्ठ छौं। छात्र-युवा, तरूणहरूलाई सर्वभारतीय स्तरमा रोजगारलाई महत्त्व दिएर सुयोग प्रदान गरिएको छ। डउ/डढ/जइउ, आदिवासी, संख्यालघु सम्प्रदायहरूको निम्ति आसन संरक्षित गर्न आवश्ययक छ। यसबाहेक नोकरीको क्षेत्रमा महिलाहरूलाई प्राधान्य दिइनेछ। बीजेपीको हिंसा र  मारकाटको राजनीतिको विरूद्धमा पश्चिम बंगालमा हामीले नै सृष्टि गरेका छौं साम्प्रदायिक सम्प्रीतिको अन्यान्न छवि। म अनि मेरो दल सब समय मानिसहरूको छेउमा उभिएको हुन्छ र भविष्यमा पनि हुनेछ। त्यसैले देशवासीलाई  आवेदन गर्छौं, आउँदो  लोकसभा  निर्वाचनमा जहाँ जहाँ हामीले प्रार्थी दिएका छौं त्यहाँ जययुक्त गराउनु होस् तथा अपशासनलाई हराएर नयाँ भारत निर्माणमा हाम्रो छेउमा उभिनु होस्। जहाँ हामी निर्वाचन लड्दैनौं त्यहाँ बीजेपी विरोधी प्रधान शक्तिलाई निर्वाचित गर्नुहोस् एवं हराउनु होस् अशुभ शक्ति बीजेपीलाई। सारा देशभरी नै शुभबुद्धियुक्त मानिसहरूको महाजोड़ तयार गर्नुहोस्।

आउँदो लोकसभा निर्वाचन भारतको इतिहासमा विशेष रूपले महत्त्वपूर्ण छ किनभने निर्वाचनद्वारा नै हामीले हाम्रो भविष्य निर्धारण गर्न सक्छौं, हामीले नै ठिक गर्ने छौं आउँदो पीढ़िलाई कुन भारत उपहारमा दिने।हाम्रो सामु दुईवटा पथ खुल्ला छ। कि त हामी धर्मनिरपेक्ष, युक्तिवादी, उदार, सहनशील भारतलाई कि त संकीर्ण, साम्प्रदायिकलाई चुन्नेछौं। यदि हामीले भारतको चिरकालीक आदर्शलाई बचाएर राख्न चाहन्छौं; इतिहासको उज्यालोमा भारतको जुन बहुतत्त्ववादी र उदार भावदर्श छ त्यसलाई बचाएर राख्न चाहन्छौं भने एकजुट भएर यस मौलवादी र साम्प्रदायिक अपशक्तिको विरूद्धमा खड़ा हुनुपर्नेछ। हामीले आफूलाई साँचो देशप्रेमी ठाछौं भने देशको सम्मान, आदर्श रक्षा गर्ने दायित्व हाम्रो हातमा छ। आज यदि हामीले सम्प्रादायिक शक्तिको हातलाई बलियो पार्यौ भने यति दिनसम्म भारतका महापुरुषहरूले तिलतिल गरेर जोगाड़ेका भावदर्श र मूल्यबोधको पराजय हुनेछ। यो पराजयसँग लड़ेर गणतान्त्रिक, बहुतत्ववादी, सहिष्णु, धर्मनिरपेक्ष भारतको महिमा फर्काएर ल्याउनु नै हाम्रो अहिलेको समयको हाम्रो परम कर्त्तव्य हुनेछ।

अपशक्तिलाई पराजित गरी नयाँ भारत निर्माण गर्ने भूमिकामा सर्व भारतीय तृणमूल कंग्रेस खड़ा छ। सारा भारतलाई बंगालले नै बाटो देखाइरहेछ। हामी केवल मुख बजाउँदैनौं हाम्रो कामले नै हाम्रो परिचय दिन्छ।

छात्र-यौवन नयाँ प्रजन्मको दिशारी। तिनीहरूलाई प्राधान्य दिएर विकासमा सामेल गरेर तथा रोजगारको लक्ष्यमा लिएर जान सकिनेछ। सारा भारतलाई बंगालले नै बाटो देखाइरहेछ।

नारी शक्तिलाई प्रधान्य दिएर देश र बंगलालाई अघि लैजाने कार्य भइरहेछ। दलित समाजलाई अघि ल्याएर, तिनीहरूलाई सम्मान र मर्यादा प्रदान गरी समाजमा प्रतिष्ठा गर्नु हाम्रो अन्यतम लक्ष्य हो।

आदिवासी भाइ-बहिनीहरूको सम्पत्तिको, शान्तिको, रोजगारको, भाषाको, र जंगलको अधिकार साथै जुन दैनन्दिन सम्पर्क, आदिवासीहरूको स्थानीय भाषा आलचिकी, कुडुक नामको मर्यादा प्रदान गरिएको छ तथा आगामी दिनहरूमा पनि तिनीहरूको स्वार्थ रक्षा हाम्रो कर्त्तव्य हो।

संख्यालघु भाइ-बहिनी र अन्यान्न पछाड़िएको (जइउ) सम्प्रदायभुक्त सबै जीवनमा

सुरक्षा, धर्मनिरपेक्षता तथा तिनीहरूको विकास नै हो हाम्रो एउटा अन्यतम कर्त्तव्य। पहिल्यै पश्चिम बंगालले आफ्ना कार्यहरूद्वारा यो कुरालाई प्रमाणित गरिसकेको छ।

पश्चिम बंगालमा साधारण सम्प्रदाय तथा अर्थनैतिकरूपले पछाड़िएका मानिसहरू शिक्षा-संस्कृति-रोजगार साथसाथै कुनै कल्याणमुखी कार्यमा पछाड़िएका छैनन्। तिनीहरू पनि समाजमा स्वामी विवेकानन्द मेरिट-कम-मिन्स स्कलरसीपदेखि कन्याश्री, रूपश्रीदेखि समव्याथी-सबैमा सबैले समान मर्यादा पाइरहेका छन्

सबैका निम्ति खाद्य, वस्त्र र वासस्थान तथा रोजगार  नै हाम्रो मूल लक्ष्य हो। त्यसैले पश्चिम बंगालमा 2 रुपियाँ किलो चामलदेखि बिनामूल्य सरकारी अस्पतालमा चिकित्सा  निश्चित गर्न पाएकोमा हामी गर्वित छौं। राज्यका प्राय: 8.5 करोड़ मानिसहरू खाद्यसाथीसँग जोड़िएका छन्। यसबाहेक 7.5 करोड़ मानिसहरूलाई हामीले समावेश गरेका छौं स्वास्थ्यसाथी प्रकल्पमा। यस प्रकल्पको माध्यमद्वारा सरकारी अस्पतालबाहेक बेसरकारी अस्पतालमा बिनामूल्य चिकित्सा परिसेवा प्रदान गरिन्छ। यसद्वारा घरका महिलाहरूले पाइरहेका छन् स्मार्ट कार्ड।

महिलाहरूलाई धेरभन्दा धेर क्षमतासम्पन्न (थोशप शार्ीुशीाशपीं) बनाउन कन्याश्री विश्वजय गरेपछि महिलाहरू आज धेर अघि छन्।

कृषिदेखि शिल्प, उत्कर्ष बंगालदेखि  संस्कृति बंगाल- बंगाल आज सर्वत्र अघि बढ़ेकोमा गर्वित छौं। समतलदेखि पहाड़, हाम्रो लक्ष्य हो सार्विक विकास। दार्जीलिङ, कालेबुङ, मिरिक र खरसाङसँगसँगै पहाड़ र समतलको विकासको स्थायी समाधानको प्रयोजनीय बाटो खोजेर निकाल्नु।

यस्तै प्रकारले अन्यान्न राज्यमा तृणमूल कंग्रेसको शाखा-प्रशाखा विस्तार गर्न सक्यो। त्यहाँका मानिसहरूलाई सबै सुविधा प्रदान गरिनेछ।

मोदी सरकारको परिवर्तनको विदा घण्टी बजिसकेको छ। तपाईंहरूको समर्थन, आशीर्वाद, शुभेच्छाले नयाँ सरकार क्षमतामा आए ऐक्यबद्ध भारत, उन्नत भारत, गणतान्त्रिक भारत तयार हुनेछ जहाँ एकनायकतन्त्रको कुनै स्थान हुनेछैन।

छात्र र युवक, कृषि र श्रमिक, महिला, संख्यालघु सम्प्रदाय, तपशिली, आदिवासी, अन्यान्न पछाड़िएका सम्प्रदाय(जइउ) सँगसँगै हिन्दु-बौद्ध-शिख-जैन-पारसी सबैलाई पथ खुल्ला छ। तर वास्तवमा मुसलमान-ख्रीष्टान-सबै धर्मका मानिसहरूलाई लिएर

काश्मीरदेखि कन्याकुमारी, विन्ध्या पर्वतदेखि द्वारका, नालन्दादेखि वाराणसी, जयपुरदेखि बंगाल, आसामदेखि उत्तर-पूर्वाञ्चल, झारखण्डदेखि उड़िसा, उत्तरदेखि दक्षिण, पूर्वदेखि पश्चिम, मध्यदेखि उत्तर-पूर्व भारत, सागरदेखि पहाड़, जंगलमहलदेखि उत्तरबंगाल र दक्षिणबंगाल-सर्वत्र आमा-माटो-मानिसको कार्य देखेर हामीप्रति तपाईंहरूको विश्वास, आशीर्वाद, मायाले  बंगालमा सर्वभारतीय तृणमूल प्रर्थीहरूलाई प्रत्येक आसनमा तपाईंहरूको मूल्यवान भोट दिएर जययुक्त पार्नुहोस्।

आसाम, झारखण्ड, उड़िसा, अण्डमान, बिहार राज्यमा जहाँ सर्वभारतीय तृणमूल कंग्रेसका प्रार्थीहरूले प्रतिद्वन्दिता गर्दैछन्, तिनीहरूलाई जययुक्त गर्ने तपाईंहरूलाई आह्वान गर्दछौं।  जहाँ  सर्वभारतीय तृणमूल कंग्रेसको प्रार्थीहरू छैनन् त्यहाँ बीजेपी विरोधी शक्तिसह आञ्चलिक दलहरूको प्रार्थीहरूलाई भोट दिएर जिताउनु होस्। यससँगसँगै बीजेपी र अन्यान्न राजनैतिक दलको बदनामी, जालझेल, अपप्रचार, अर्थ र पेशीबल इत्यादिलाई परास्त गरी तपाईंहरूलाई सेवा गर्ने सुयोग दिनुहोस्। अभिन्न न्यूनतम कर्मसूची ( ऊोप ाळपळíाा ाीसीाराश) अनुयायी ऐक्यबद्ध भारत, (णपळींशव खपवळर) तयार गर्न हामी प्रतिबद्ध छौं विकास र समृद्धितर्फ अघि बढ्न पथ देखाउने छ बंगालले।

ऐक्यबद्ध सर्वधर्म समन्वय र सार्विक उन्नयनको लक्ष्य

तपाईंहरूको धन्य आशीर्वाद काम्य



ममता
सभानेत्री
सर्व भारतीय तृणमूल कंग्रेस

# मोदी सरकारको पाँच वर्षको व्यर्थता र अपशासनको दलिल

तबेदार संवाद माध्यमहरूको तर्जनगर्जन तथा कौशली मित्थ्याचार गरेर तिनीहरूको मिथ्याचार लुकाउन सकिएन। तिनीहरूको व्यर्थताको केही पक्षहरू -

1) भारतमा मोदी शासनमा कृषकहरूको दुर्दशा -

क) मोदी सरकारको बेलामा निर्मम रूपले अवहेलित भएका छन् देशका कृषक,विपन्न कृषि अर्थनीति। 2014 देखि 2016 सम्ममा देशका 36,420 कृषकहरूले आत्महत्या गर्न बाध्य बने। त्यसपछि त आत्महत्याको परिसंख्या प्रकासमै आउन दिइएन।

ख) लज्जाजनक विषय के छ भने मोदीको शासनमा कृषिको जिडिपि वृद्धि ह्रास भएको छ । पहिलेको चारवर्षमा जहाँ 5.2 थियो भने मोदी आएपछि प्रथम चार वर्षमा घटेर 2.5 प्रतिशत भयो।

अक्टोबर-डिसम्बर 2017 देखि अक्टोबर-डिसम्बर 2018 मध्यमा कृषकहरूको घरेलु आय 9.12 देखि घटेर 2.04 भयो।

मोदीले जहाँ 2022-23 सम्ममा कृषकको आय दुइगुणा गर्ने कुरा भनेको थियो त्यही पश्चिम बंगालमा 2010-11देखि 2017-18 अर्थवर्षमा कृषकहरूको आय 91,020 बाट 3 गुणा वृद्धि भएर 2,91,00 रूपियाँ भएको छ।

ग) 2013-14 सालमा जहाँ कृषि रफ्तीको परिमान थियो सर्वोच्च 42.5 बिलियन डलर, त्यही मोदी सरकारको बेला वृद्धिको हार ऋणपूर्ण भएको छ।

कृषकहरूलाई क्षतिको मुखमा फालेर देशको कृषि आमदानी क्रमश बढ्दै गइरहेछ।

2013-14 सालमा रफ्तानी 25 बिलियन डलर, मार्किन डलर, 2017-18 मा 10 बिलियन डलरमा झर्यो।

एकैसाथ 2013-14 सालदेखि देशमा फसलको दाम कम्ती भयो तथा सबै शस्यको क्षेत्रमा नै लाभको अनुपात ह्रास हुँदैछ।

कृषि क्षेत्रमा यो हतासाजनक परिसंख्याहरूबाट नै बुझिन्छ कि मोदीको

शासनकालमा देशको कृषकहरूको दुर्दशा चरममा पुगेको छ। यही भयानक दुरवस्थाको कारणले देशभरीका कृषकहरू बाटोमा निस्कन बाध्य भएका छन्। मोदीको हातमा लागेको छ असहाय कृषकहरूको रक्तको दाग।

2) मोदीको शासनमा बढ्यो दुर्नीति - खाया और खाने दिया

क) रफ्याल दुर्नीति-

मोदी सरकारले घोषणा गरेका थिए कि न खाउँगा न खाने दुँगा तर वास्तविकतामा खाया और खाने दिया। केन्द्र सरकारले सर्वोच्च दुर्नीतिको शाखा विस्तार गरेको छ। रफ्याल कंलकित 30,000 करोड़ रुपियाँको नाफा सिधै अनिल अम्बानीको हातमा न प्रतिरक्षा मन्त्रीले समस्त नियम-कानुन अवमान्य गर्न लाउने अभियोग प्रधानमन्त्रीलाई लागेको छ।

आधुनिक भारतको इतिहासमा यो नै सबैभन्दा ठुलो दुर्नीतिक घटना प्रमाणित भयो।

ख) एमएसएमई 59 मिनट ऋण दुर्नीति-

यो दुर्नीति लिएर कमै चर्चा भए पनि एमएसएमई 59 मिनट ऋण दुर्नीति एउटा लज्जाजनक विषय हो। अनलाइनमा यो ऋण प्रक्रिया परिचालनाको दायित्व दिइको थियो कम्प्युटरल्याण्ड नामको अहमदाबादको एउटा फिनटेक कम्पनीलाई। यो कम्पनीलाई काम पाउनको निम्ति विभिन्न ऐनहरूलाई पालन गरिएको थिएन। यो नियम विरूद्ध नियोगको फलस्वरूप कम्प्युटरल्याण्डका आवेदनकारी र ब्यांकमा केवल रूपियाँ मात्र नभएऱ तिनीहरूको हातमा आउँथ्यो असंख्यौ मानिसहरूको तथ्य जो अपव्यवहार हुन सक्थ्यो।

कम्प्युटरल्याण्डलाई यो कार्य पाउने विषयमा खोज हुनुपर्छ तथा यो दुर्नीतिमा कति पैसा युक्त छ त्यसको पनि खोज हुनुपर्छ।

वास्तवमा सबै बीजेपी शासित राज्यहरू नै छ दुर्नीतिग्रस्त। त्यहाँ न छ

ऐन, न शासन।

3) मोदीको शासनकालमा भारतको ब्यांकिङ क्षेत्रमा भयावह क्षति : एनपीए तथा चोरीको ठुलो बजट

क) भारतको ब्यांकिङ क्षेत्रमा भयावह संकट मोदीको शासनकामा देखा पर्नुको साथसाथै अवहेलाको शिकार पनि बन्यो। यो क्षेत्र बन्यो दुर्नीतिको अखाड़ा जुन चाहिं भारतीय इतिहासमा कहिल्यै भएको थिएन।

ख) यस भयावह घटनामा 2014 सालमा देशको ननब्यांकिङ पर्फमिङ एसेट (एनपिए)-को परिमाण थियो 2 लाख करोड़ (2,09,840 करोड़ जुन 2017-18मा पुग्यो 10 लाख करोड़(10,36,187) अर्थात् मोदी सरकारको समयमा त्यो बढ्यो 5 गुणा।

यसले दर्शाउँछ  मोदीको शासनकालमा ब्यांकको दुर्दशा।

ग) यस्तै अर्को लज्जाजनक घटना हो ठुल्ठुला उद्योगपतिहरूलाई ब्यांकको रूपिया फर्काउन नसकेको खण्डमा विदेशमा भगाउनु। लुकाआउट नोटिस पाएका उद्योगपतिलाई खबर दिएर सिबिआइले त्यसलाई भाग्नमा सहायता गर्यो। फलस्वरूप त्यो उद्योगपति विदेशमा घरजम गर्न सक्षम बन्यो। मोदीको शासनले सिबिआईलाई लुकआउट नोटिस परिवर्तन गर्ने निर्देश दिएर भाग्नमा सहायता गर्यो? यो घटनाको जाँच गरेर दोषीलाई सजाय दिने व्यवस्था गर्नु पर्नेछ।

घ) आरबीआईले दिएको तथ्यअनुसार मोदीको समयमा मई 2016-सम्म गत पाँच वर्षमा झण्डै 1 लाख करोड़ मोठ 23,000 वटा ब्यांकमा जालसाजीको घटना घटेको छ।

4) मोदीको समयमा नोटबन्दी : साधारण मानिसलाई  दुर्भागमा फ्याँक्ने निर्मम सिद्धान्त

क) 2016 सालको 5 नोभेम्बरमा नरेन्द्र मोदीले ध्वंसात्मक नोटबन्दीको सिद्धान्त घोषणा गरे। जुन सिद्धान्तले गर्दा देशका लाखौं कृषकहरू,

असंठित क्षेत्रका जनताहरूको जीवन विपदमा परेको थियो। यसले गर्दा क्षुद्र र मझौले शिल्पहरूलाई हानि भयो। रद्द गरिएका नोट 99.6 प्रतिशत नै ब्यांकमा फर्किआयो। वास्तवमा कालोधनलाई सेतो पार्ने मौका बीजेपी सरकारले प्रदान गरेको हो। भारत सरकारले आफै स्वीकार गरेको छ 3 लाखभन्दा धेर ब्यांक एकाउन्टको हिसाब पाइएन। प्राय: 80,000 कालोधनको केस मोदी सरकारलाई दिइए पनि एकजना पनि पक्रा परेको छैन।

ख) नोटबन्दीको फलस्वरूप जीडीपी वृद्धि कम्ती भयो तथा राजकोष घट्यो, जीएसटी कम्ती भयो, रोजगार वद्धिमा धक्का, कृषकहरूद्वारा आत्महत्या, रफ्तानी ह्रास, क्षुद्र व्यवसायीहरूको चरम संकट र असंगठित क्षेत्रमा भयावह दुरावस्था देखापर्यो। जसले गर्दा लाखौं मानिसहरूको जीवन संकटमा पर्यो।

5) नोटबन्दीको दुर्भाग्यसँगसँगै जीएसटीको प्रवर्तन। त्यसलाई लिएर मोदी सरकारको झुटो बहादुरी : साधरण मानिसहरूमाथि द्विगुणा आक्रमण।

क) संसद भवनको सन्ट्रेल हलदेखि प्रवर्तन गरिएको जीएसटी प्रणयन राजनैतिक सुविधा लाभ गर्नु बाहेक अरू केही होइन।

यसको सठिक संरचना संरचित नभएकोले भारतको साना तथा मझौले शिल्पहरूलाई यसले ध्वंसतिर ढकेल्यो।

यसबाहेक अपर्याप्त जीएसटी नेटवर्कले(जीएसटीएन)-ले प्रचुर कालोधन तयारी पार्यो तथा हवाला लेनदेनलाई जन्म दियो। भूँयो इनभोइस-को इपुटमा ट्याक्स क्रेडिट लिइँदैछ जसले तयारी गर्दैछ कालो धन।

ख) पश्चिम बंगालले पहिल्यै यस विषयहरू लिएर केन्द्रलाई सतर्क गर्दै केन्द्रलाई परामर्श दिंदै जुलाई 2017 देखि जीएसटी लागु नगर्नु भनेको थियो। अहिले केन्द्र सरकारको निद्रा भंग भएको छ र मानिसहरूलाई देखाउन केही केही खोज चलाइरहेछ। यो बोधहीन निर्णयले खटेर खाने गरीब मानिसहरू तथा साना व्यवसायीहरूलाई नोक्सान भएको छ।

6) मोदीको जमानामा बेकारी समस्या बढेको छ जसले गरीबहरूलाई धेर क्षतिग्रस्त पार्यो।

क) मोदीको जमानामा बेकारी समस्या बढेको छ जसले गर्दा धेरै परिवारहरू संकटमा परेका छन्। नोटबन्दीको प्रस्तुती अनि जीएसटी लागु गरेकोले बेकारी समस्या देखा परेको छ।

2017 सालमा जहाँ बेकारीको हार थियो 4.50त्यही 2018सालमा बढ़ेर 5.96 भयो।

यस्तो भयावह परिस्थितमा सेन्टर फर माइनोरिटी युनियन इकोनमीले प्रदान गरेको तथ्य अनुसार2018 सालमा 1.1 करोड़ (11 मिलियन) नोकरी देशले हरायो जो कि ग्रामीण असंगठित क्षेत्रका मानिसहरू थिए।

ख) उल्टो फेरि केन्द्रीय सरकारको लेबर ब्युरोको रिपोर्टअनुसार गत केही वर्षमा पश्चिमबंगालको बेरोजगारी कम्ती भएको छ उल्लेखयोग्य रूपले। केन्द्रीय सरकारले दिएको तथ्यअनुसार 2012-13 देखि 2015-16 अर्थवर्षमाझ रोजगार कम्ती भएको छ प्राय: 40 प्रतिशत।

पश्चिम बंगालको यस साफल्यको कारण हो लेबर इन्टेन्सिभ क्षेत्रमा बजारको सचेतन नजर तथा कौशलपूर्ण कर्मकाण्ड एवं हाम्रो जीडीपीमाथि नजर।

केन्द्रीय सरकारको जनविरोधी नीतिले रोजगार नभएर बेकारीलाई जन्म दिइरहेछ भने त्सको विपरित पश्चिम बंगालले देखाइदिएको छ रोजगारको माध्यमबाट समृद्धिको पथ। असलमा भन्ने हो भने यो पनि मोदी सरकारको एउटा व्यर्थता।

7) कुराहरूको राशसँगै मोदी सरकारको नमो गंगे क्षेत्रमा व्यर्थता

क) मोदीको आवेगी बर्हिप्रकाश अन्यतम हो नमो गंगे। यस परियोजनाद्वारा गंगा नदीलाई सफा गर्ने कार्य पूर्ण रूपले व्यर्थ भएको छ मोदीको नजरमा भएर पनि सबैले बुझेका छन् यसको व्यर्थता।

ख)	परिवेश रक्षाको क्षेत्रमा पनि मोदीको व्यर्थता स्पष्टै देखिएको छ। इन्भाइरोमेन्टल पर्फमेन्स इन्डेक्स अनुसार 180वटा देशहरूमध्ये 177 नम्बरमा भारतको नाम हुनु लज्जाजनको हो

8)	मेक इन इण्डिया-मा सरकारको भयंकर व्यर्थता : विनियोग वृद्धिको हार निम्नमुखी

क)	देशमा विनियोग वृद्धि र मूलधन गठनको निम्ति तयारी भएको थियो मेक इन इण्डिया श्लोगन। केन्द्रीय सरकारले दिएको तथ्यले प्रमाणित भयो यो केवल मिथ्याचार बाहेक अरू केही होइन। यसले मोदी सरकारको व्यर्थ भएको छवि देखाएको छ।

ख)	देशको ग्रेस फिक्स्ड क्यापिटल पर्फेमेन्स(जीएफसीएफ) वृद्धिको हारद्वारा देशको विनियोग वृद्धि नापिन्छ। देशको हार तीव्ररूपले धक्का खाइरहेछ नोटबन्दी, जीएसटी एवं मोदी सरकारको अन्यान्न भ्रान्त नीतिहरूले गर्दा। 2016-17 सालमा विनियोग वृद्धिको हार थियो 10.14 शतांश तथा 2017-18 -मा घटेर भयो 7.63 शतांश। यही तथ्यले प्रमाण गर्छ मोदीको मेक इन इण्डिया श्लोगन पूर्ण रूपले व्यर्थ भएको।

ग)	तथ्यअनुसार मोदीको समयमा भारतको सरासरी विदेशी विनियोगको क्षेत्रको अवस्था पनि हताशाजनक छ।

एकातिर नरेन्द्र मोदी 55 महिनामा 92 वटा देशमा गएर विदेश यात्राको संख्यामा रेकर्ड सृष्टि गरेका छन्। यसको निम्ति खर्च भएका हजारौं करोड़ रूपियाँ जुन चाहिं साधारण मानिसहरूबाट लिइएका हुन्। यी सबै विदेशी यात्राहरूबाट भारतले ठुलुला विदेशी विनियोगको प्रस्ताव पाउने छन् भनी ढोल पिटिएको छ।

तर रिजर्भ ब्यांक अव् इण्डिया (आरबीआई) -को तथ्यले बुझिन्छ कि विदेशी विनियोग ल्याउने तथ्य वास्तवमा सबै तथ्य मिथ्या हो भनेर।

2015-16 सालमा भारतको एफडीआई वृद्धिको हार थियो 27.28 प्रतिशत, अनि मोदीको समयमा 2016-17 सालमा यसको वृद्धिको हार

5.99 प्रतिशत कम्ती भएको छ तथा 2017-18 सालमा अझ एक स्तर घटेर 5.60 प्रतिशतम पुगेको छ।

9) नागरिकत्व बील लिएर मोदी शासनको व्यर्थता

क) नागरिकत्व विषयमा मोदी सरकारद्वारा गृहित सिटिजनसीप(एमेण्डमेन्ट बील), असम-को नेशनल रेसिडेन्ट अफ सिटिजन्स(एनआरसी), अरूणआचल प्रदेश पर्मनेन्ट रेसिडेन्स सर्टिफिकेट(पीआरसी) उत्तर पूर्वका राज्यहरूलाई अशान्त पार्यो तथा भविष्यमा भारतका अन्य राज्यहरूमा अशान्त वातावरण सृजना गर्नेछ।

ख) नागरिकता विषयमा मोदी सरकारको सिद्धान्तहीनताले भोगेको छ तथा उत्तरपूर्व राज्यमा पनि अशान्तिको आगो फैलियो जहाँ बहु मानिसहरूलाई अनिश्चितता तिर ढकेल्यो।

10) प्रकाश्य समावेशमा प्रधानमन्त्री मोदीको मिथ्या भाषण

विभिन्न जनसभामा प्रधानमन्त्री मोदीले विभिन्न प्रकल्प वा कार्यहरूको साफल्य लिएर निराधार दाबीहरू गरेका थिए। निम्नलिखित क्षेत्रहरूमा झुटो सफलताहरू घरिघरि सुनिन्छ तिनको भाषणमा -

क) ग्रामीण स्वास्थ्य-परिसेवा तथा स्वच्छ भारत मिसन- ग्रामीण

ख) उज्ज्वला योजना अधीनस्थ एलपीजी संयोग

ग) ग्रामीण विद्युतयान

घ) ब्रडब्याण्ड संयोग

ङ) ब्यांक एकाउन्ट खोलिएको संख्या

# दिल्लीमा आज दरकार जनगणको सरकार

## भारतको जनसाधरणप्रति
## सर्वभारतीय तृणमूल कंग्रेस-को निवेदन

यो इस्तेहार सर्वभारतीय तृणमूल कंग्रेस-को पक्षबाट भारतको जनसाधारणसामु उपस्थापना गरिँदैछ प्रथम र द्वितीय भागमा उल्लेखित खतरनाक स्थानको परिप्रेक्ष्यमा।

विभाजन, घृणा,अधिनायकत्त्वको हातबाट देशलाई रक्षा गर्नु नै हाल हाम्रो मुख्य कर्त्तव्य हो। भारतवर्षको एकतार सात रंगको इन्द्रेणीपूर्ण समारोह तथा पुनर्प्रतिष्ठा गर्नु नै हाम्रो दायित्व हो।

1) हाम्रो विश्वास छ गणतान्त्रिक राजनीतिमा सबै मानिस, धर्ममत र विश्वासको समान स्थान छ।

2) त्यसैले हाम्रो विश्वास धर्मनिरपेक्ष भारतवर्ष।

3) हाम्रो संविधानमा उल्लेखित मैत्रीतन्त्रमा हाम्रो विश्वास छ। देशको वृद्धि र विकासको निम्ति राज्यलाई क्षमतासम्पन्न बनाउन जरूरी छ। संविधानमा उल्लेखित नियमानुसार हाम्रो देशको केन्द्रीय सरकार हुनुपर्छ धनात्मक र ऐक्यमूल्य।

4) हामीले जब अन्तर्भुक्तिको कुरो गर्छौं, हामी सूचित छौं अल्पसंख्यक, तपशिली जाति, उपजाति र अन्य पछौटो वर्गका मानिसहरू हाम्रो देशको एउटा विशाल अंशसँग जोड़िएका छन् तर अधिकांश क्षेत्रमा हाम्रो समाज, अर्थनीति र राजनीतिमा तिनीहरूको उपस्थिति अवहेलित अवस्थामा नै छ।

5) हाम्रो राज्य पश्चिम बंगालमा अल्पसंख्यकहरूको विकास बहुमात्रिक रूपमा छ।

   देशभरिमा बंगाल आज संख्यालघु छात्रछात्राहरूलाई वृत्ति प्रदानको क्षेत्रमा एक नम्बर छ। 2 करोड़ 3 लाखभन्दा धेर संख्यालघु अध्ययनशील 5,257 करोड़को स्कलरसीप दिइएको छ।

   संख्यालघु सम्प्रदायको व्यवसायिक उद्योगीहरूलाई ऋण प्रदानमा बंगाल सारा देशभरिमा एक नम्बर बनेको छ।6 लाखभन्दा बेसी संख्यालघु युवक-युवतीहरूलाई रोजगारको निम्ति 1300करोड़भन्दा धेरको ऋण प्रदान गरिएको छ।

हामी राज्यको यस विकासको उदाहरण जातिय क्षेत्रमा तथा समस्त राज्यको क्षेत्रमा अघि लान चाहन्छौं।

अनग्रसर श्रेणीको संरक्षणको क्षेत्रमा 94 शतांश मुसलिम जनसंख्या स्वत अन्तर्भुक्त भएका छन् जसले तिनीहरूलाई एउटा उज्ञवल भविष्य तयारी पार्ने छ।

उच्चशिक्षाको क्षेत्रमा हाम्रो विकासनीति, अनग्रसर श्रेणीको छात्र-छात्राहरूको संख्या 17 प्रतिशत वृद्धि गरिएको छ। साधारण सीटको संख्या कुनै प्रकारले पनि परिवर्तन हुनेछैन।

संख्यालघु मानिसहरूको सामाजिक र अर्थनैतिक विकास सँगसँगै विभिन्न भाषाभाषी मानिसहरूको भाषागत विकासको निम्ति हामीले धेरैवटा व्यवस्था ग्रहण गरेका छौं -

हामीले पश्चिम बंगालको सफलतादेखि आगामी पथमा अघि बढ्ने शिक्षा लिनेछौं।

हिन्दीभाषीहरूलाई राज्यमा द्वितीय सरकारी भाषाको मर्यादा प्रदान गरिएको छ। प्रसंगत उल्लेख्य के छ भने हिन्दी बाहेक उर्दु, नेपाली, पंजाबी, सौंताली, उड़िया, कामतापुरी, राजबंशी, कुड़माली भाषाहरूलाई पनि द्वितीय सरकारी भाषाको मान्यता प्रदान गरिएको छ।

हामी विराट परिमाणमा सामाजिक र अर्थनैतिक क्षेत्रमा अनग्रसर श्रेणी, दलित, आदिवासी र अन्यान्न अनग्रसर श्रेणीका मानिसहरूको क्षमतालाई बचाएर राखेका छौं।

2014-15 सालदेखि शिक्षाश्री प्रकल्पको माध्यमद्वारा 67.5 लाख विद्यार्थीहरूलाई वृत्ति प्रदान गरियो।

70 लाख साइकल सबुज साथी परियोजनाद्वारा वितरण गरियो।

हाम्रो अभिज्ञताको माध्यमद्वारा सारा देशका तपशिली जाति र उपजातिका मानिसहरू एउटै उज्यालोयुक्त भविष्यतिर लैजाने हाम्रो लक्ष्य छ।

हाम्रो राज्यमा गत सातवर्षदेखि 64.93 लाख  तपशिली जाति, जनजाति र पछौटे वर्गका मानिसहरूलाई जाति प्रमाणपत्र वितरण गरिसकियो। फलस्वरूप कुनै पनि जाति प्रमाणपत्र बाढ्नु पर्ने छैन।

6) जातीय क्षेत्रमा नारी र कन्याहरूले हाम्रो विकास नीतिको अग्राधिकार पाउँछन्।

हामी गर्वित छौं  18 वर्षसम्मका छोरीहरूको सामाजिक उन्नतिको कल्पनामा रिचति कन्याश्री प्रकल्पले संघको सर्वोच्च स्वीकृति पायो। 62 वटा देशको 552 वटा सामाजिक प्रकल्पहरूमध्ये कन्याश्रीलाई सफलता हासिल भयो।

1 अक्टोबर 2013 देखि कन्याश्री प्रकल्प पश्चिम बंगाल सरकारले 6,580 करोड़ रूपियाँ प्रदान गर्यो। कन्याश्री अनुसरण गरी केन्द्र सरकारले बेटी बचाओ बेटी पढ़ाओ प्रकल्प  2 वर्ष पछि 22 जनवरीदेखि शुरु गर्यो तर यसको व्याय सामान्य परिमाण गर्यो।

हाम्रो लक्ष्य अन्तराष्ट्रीय स्वीकृति प्राप्त कन्याश्री प्रकल्पला सारा भारतभरि विस्तार गर्नु छ।

7) भारतको अर्थनैतिक परिस्थितिलाई सम्यकरूपले बुझ्नको निम्ति हाम्रो विशिष्ट अर्थनीतिविद् तथा अन्यान्न विशेषज्ञहरूसँग परामर्श लिनु पर्छ जसले गर्दा ठिक अर्थनैतिक कर्मसूची तयार पार्न सकिन्छ। हाम्रो अर्थनैतिक नीति केवल 7-10 प्रतिशत जीडीपी वृद्धिमै  नअड़किएर विशेषरूपले रोजगार सृष्टिमा ध्यान दिन्छ।

हामीले हाम्रो राज्यमा कार्य गरी प्रमाण गरेका छौं, हाम्रो जीडीप अन्य राज्यको तुलनामा अनेक बेसी छ। त्यति मात्र नभएर राद्यको बेकारत्वमा 40 प्रतिशतले ह्रास(भारत सरकार अधिन्स्थ, श्रम कार्यालयको मतमा) आएको छ। 2011-12 अनि 2018-19 मध्यमा पश्चिम बंगालमा 1 करोड़ नयाँ रोजगार भएको छ। (99.22 लाख)

हाम्रो श्रमगहनप्रति नजरदारीको प्रतिफल हो यो सफलता। 2010-11 सालमा 89वटा क्षुद्र मझौलो शिल्प क्षेत्र बढ़ेर हाल 522वटा भएको छ जसले गर्दा रोजगारमा वृद्धि भएको हो।

भविष्यमा अल्पमियादी दीर्घमियादी कर्मसृष्टि, शिल्पसृष्टि तथा कृषिसृष्टिमा जोर दिइनेछ जसले गर्दा रोजगार सृजना हुनेछ र भारत विकासको पथमा बढ्नेछ। हामीले साधारण मानिसहरूको स्वास्थ्य, शिक्षा र अन्यान्न क्षेत्रमा ध्यान राख्नेछौ ताकि तिनीहरूले मान वृद्धिको स्वाद चाख्न पाओस्।

रोजगार र वृद्धिको नीतिले हाम्रो दक्षता प्रदानद्वारा युवक-युवतीहरूलाई रोजगार पाउन सहायता गर्नेछ फलस्वरूप सारा देशमा डेमोग्राफिक लाभांशको परिणाम पनि बढ्नेछ र हामी घट्दो डेमोग्राफिकबाट बाँच्नेछौं।

8) हामी तयार गर्नेछौं नेशनल स्ट्याटजिक पेट्रोलियम रिजर्भ जसले गर्दा 45 लक्ष्य राखी रिजर्भहरिलाई अतिरक्त स्टेक राख्ने काममा व्यवहार गर्न सकिनेछ जसले गर्दा पेट्रोलियमको मूल्य साधारण मानिसहरूको निम्ति एउटा स्थितिशील अवस्थामा रहनेछ। वर्तमान हाम्रो यो रिजर्भको मात्रा 5-6 दिनको मात्र छ। मोदी सरकारले यी साढ़े चारवर्षमा यस विषयमा कुनै नजर नदिएको कारणले पेट्रोल र डिजलको मलूय बढ़ी नै रह्यो। सारा पृथ्वीमा तेलको दाम कम्ती भयो। यो हाइड्रो कार्बनको क्षेत्रमा मोदी सरकारको साधरण मानिसहरूप्रति निष्ठुरता र दुरदर्शीताको अभावको परिचायक हो।

9) साधरण मानिस तथा सरकारमाझ स्वच्छता बनाइराख्नको निम्ति हामीले विश्वमा श्रेष्ठ ई-गभर्नेन्स सृष्टि गर्यौं। अरूले पश्चिम बंगालबाट शिक्षा लिन सक्नेछन्।

10) हामीले एउटा स्वच्छ समय निर्धारित देखरेख गर्ने संगठन बनाउनेछौं जसले केन्द्रीय सरकारको समस्त प्रकल्पहरूको परिमापयोग्य फलाफल विचार्नेछ। हामी अन्य राज्यहरूलाई पनि यही पथ समाउन उत्साहित गर्नेछौं।

11) केन्द्रीय सरकारको समस्त परियोजनाको समयसीमा कम्ती गराउनेछौं जसले गर्दा जनासाधरणले द्रुत एवं उन्नत सेवा पाउनेछन्।

12) हामी लोकपाल र लोकायुक्त समस्त राज्यमा लैजानैछौं जसले दुर्नीति दुर भएर राज्य स्वस्थ्य रूपले चलाउन सक्नेछौं।

13) पञ्चायती राजलाई अझ गहिराईमा लानेछौं जसले गभर्नेन्स विकेन्द्रीकरण गर्न सकौं तथा तृणमूलस्तरमा यस प्रतिष्ठानलाई हामी मैत्रीमूलक गणतन्त्रको माध्यमद्वारा रक्षा गर्न सकौं।

14) हामी सदैव संस्कारको माध्यमद्वारा निर्वाचनमा स्वच्छता ल्याउने पक्षमा छौं। थश ्रपीं शश्रशलींरश्र ीशर्षीा हामी सर्वस्तरमा निर्वाचन विषयमा अन्तराष्ट्रीय उदाहरणलाई सामु राखी विकास ल्याउने छौं।यसको फलस्वरूप दुर्नीति गणतान्त्रिक राजनीतिबाट अनेक टाढ़ो रहनेछ। हाम्रो सरकारले एउटा विनियोगकृत निर्वाचन व्यवस्था ल्याउनेछ जुन हालमा 62 वटा देशमा कार्यकारी छ। जस्तै थाइल्याण्ड, मेक्सिको, यु.के, जर्मनी, फ्रान्स, नर्वे, स्वीडेन, डेनमार्क जस्ता उन्नत देशहरू।

15) छात्र अनि युवक, कृषि र श्रमिक, संख्यालघु सम्प्रदाय, तपशिली, आदिवासी, अन्य पछौटे वर्ग (जइउ) सँगसँगै हिन्दु-बौद्ध-सिख-जैन-पारसि-मुसलमान-ख्रीष्टान-सबै धर्मका मानिसहरूलाई लिएर काश्मीरदेखि काश्मीरदेखि कन्याकुमारी, विन्ध्या प्रवतदेखि द्वारका, नालन्दादेखि वाराणसी, जयपुरदेखि बंगाल, आसामदेखि उत्तर-पूर्वाञ्चल, झारखण्डदेखि उड़िसा, उत्तरदेखि दक्षिण, पूर्वदेखि पश्चिम, मध्यदेखि उत्तर-पूर्व भारत, सागरदेखि पहाड़, जंगलमहलदेखि उत्तरबंगाल र दक्षिणबंगाल-सर्वत्र आमा-माटो-मानिसको कार्य देखेर हाम्रोप्रति तपाईंहरूको विश्वास, आशीर्वाद,मायाले प्रत्येक आसनमा बीजेपीलाई पराजित गर्नुहोस् तथा प्रत्येक आसनमा तपाईं, हाम्रो र सबैको मूल्यवान भोट दिएर सर्व भारतीय तृणमूल कंग्रेसको (-खढचउ) प्रार्थीहरूलाई विजयी तुल्याएर नयाँ भारत तयार गर्नु दिनुहोस्। यससँगसँगै बीजेपी र अन्यान्न राजनैतिक दलको जालसाजी, अपप्रचार, सामा -दाम -दण्ड-भेद इत्यादिलाई परास्त गरी तपाईंलाई सेवा गर्ने सुयोग हामीलाई दिनुहोस्। विकास अनि समृद्धितर्फ अघि बढ़ी देशलाई बाटो देखाउने छ बंगालले नै।

16) हामी विचार व्यवस्थालाई दिनेछौं पूर्ण स्वाधीनता।

17) हामी जमेर बसेको केसर पहाड़लाई हटाउन विचार व्यवस्थामा ल्याउने छौं संशोधन। जुन संशोधन देशको निम्नदेखि उच्चतम न्यायलमा सबै ठाउँमा हुनेछ। हामी पर्याप्त परिमाणमा अर्थ खर्च गरी फास्ट ट्र्याक कोर्ट बनाउने छौं जहाँ विचारमा गति आउनेछ।

हामी बनाउने छौं महिलाहरूको निम्ति विशेष कोर्ट। देशको आदि जनसंख्या महिलाहरूको छ। महिला तपशिली जाति र उपजाति, नाबालक-बालिका तथा वृहत्त जनसंख्याले तिनीहरूले प्रति भइरहेको व्याभिचारको द्रुत विचार पाउनेछन्। यो दर्शनलाई कार्यकर गर्न देशका निम्नदेखि उच्चतम अदालतमा यथेष्ठ संख्यामा विचारकहरू चाहिन्छन्। हामी यो महत्त्वपूर्ण कार्यमा पछि पर्ने छैनौं।

18) स्वास्थ सबैको लक्ष्य राखी स्वास्थ्य क्षेत्रमा व्याय गरिएको जीडीपीको एउटा महत्त्वपूर्ण अंश हिसाबले हामी विवेचना गर्नेछौं। वर्तमान 1 प्रतिशतदेखि 4.5 प्रतिशत लक्ष्य छ।

हाम्रो लक्ष्य छ प्रत्येक गाउँमा स्वास्थ्य व्यवस्था पुर्याउने।

स्वास्थ्य सबैको प्रकल्पमा आमा अनि शिशुलाई हामी केन्द्रमा राख्छौं।

हामी सारा देशको शिशुहरूको निम्ति विशेष डळलज्ञ छशेपरींरश्र उरीश णपळीं(डछउण) र डळलज्ञ छशु ईीप डींरलळश्रळरूींळेप णपळीं बनाउने छौं।

पश्चिम बंगालका समस्त सरकारी अस्पतालमा सम्पूर्ण बिनामूल्य औषधी, चिकित्सा र रोगको जाँच तथा उपचार गरिन्छ।

5 लाख वार्षिक आय समृद्ध समस्त परिवार स्वास्थ्य बीमामा समावेश होस् भनी हाम्रो लक्ष्य हुनेछ।

यो हाम्रो लक्ष्य हो जसले देशमा प्रिभेन्टिभ केयरको परिमाण बढ़ोस् र साधारण मानिसहरूको स्वास्थ्य क्षेत्रमा खर्चको परिणाम कम्ती होस्।

हामी सनातन चिकित्सा पद्धतिमा अझबेसी परिमाणको खोज र विकास ल्याउनेछौं।

हामी महकुमा स्तरमा बनाउने छौं मल्टी र सुपरस्पेसियलिस्ट अस्पताल। पश्चिम बंगालमा हामीले यस्तो 4 वटा अस्पताल बनाइसकेका छौं।

हामी कलेजमा डाक्टर, नर्स, प्यारामेडिकल, डाइग्नोस्टिक, टेक्नेसियनहरूको सीटको परिमाण बढ़ाउने छौं।

ग्रामीण स्वास्थ्य कर्मीहरूलाई  ट्रेनिङ दिएर हामीले प्राथमिक स्वास्थ्य सेवा मानिसहरू समक्ष पुर्याउने चेष्टा गर्नेछौं।

19) ग्रामीण योगायोग  व्यवस्थालाई 100 प्रतिशत गर्ने लक्ष्य छ हाम्रो। हामी समस्त राज्य, जिल्ला, जिल्ला र जातीय सड़क एकीकरण प्रकल्प लिन प्रतिबद्ध छौं।

20) स्वाधीनताको 71 वर्षपछि अहिले देशको अनेक गाउँहरूमा खाने पानीको समस्या छ। निर्दिष्ट समयसीमामा हामीले देशक प्रत्येक गाउँहरूमा विशुद्ध खाने पानीको व्यवस्था पुर्याउन चाहन्छौं। विशेष विशेष भौगोलिक स्थानहरू जहाँको पानीमा धेर मात्रामा आर्सेनिक र नुनको समस्या छ त्यहाँ समस्या समाधान गर्न चाहन्छौं चाँढ़ोभन्दा चाँढ़ो।

21) शिक्षाको क्षेत्रमा हामी ब्याय बढ़ाउन चाहन्छौं जीडीपीको 6 प्रतिशतसम्म। हाल यसको परिमाण 3 प्रतिशत(3.24)। हामी आशा गर्छौं यो व्यायको 70 प्रतिशत व्यवहार हुनेछ स्कुलहरूमा अनि रहल उच्चशिक्षा र मनुष्य सम्बन्धी शोधकार्यमा।

हामी शिक्षाको मान विकासको निम्ति मनोनिवेश गर्नेछौं तथा सँगसँगै शिक्षा क्षेत्रमा छात्रछात्रीहरूको संख्या बढ़ाउनेतिर पनि नजर दिनेछौं।

हामी विशेषज्ञहरूको एउटा कमिटी तयार पार्नेछौं जसले कम्ती सृष्टिकारी शिक्षा व्यवस्था तयार पार्नेछ तर कुनै पनि प्रकारले ज्ञानार्जनको बाटो बन्द हुनेछैन। यो विशेष शिक्षाव्यवस्था लिबरल आर्ट नामले परिचित छ। विशेषज्ञहरूको यो कमिटीले केन्द्रीय सरकारलाई ठिक बाटोमा हिँड़ाउने छ तथा राज्य सरकारको शिक्षा विषयको नीति निर्धारण एवं उच्चतर मात्रामा लैजाने बाटो बनाउने छ।

गत साढ़े सात वर्षमा राज्यमा 8 वटा मेडिकल कलेज चालु भएको छ भने अझ 10 वटा स्थापना भइरहेछ।

विश्वसामु उदाहरण पेश गर्दै हाम्रो देशको छात्र-छात्रीहरूलाई दीर्घमियादी शिक्षा ऋण प्रदान गर्नेछौं।

पश्चिम बंगालको यो उदाहण सामु राखी सारा देशव्यापी प्राथमिकदेखि उच्चशिक्षा सर्वस्तरमा मानोन्नयन तिर विशेष नजर राख्नेछौं।

22) साधारण मानिसहरू जो अर्थनैतिक रूपले पछाडिएका छन् तिनीहरूको निम्ति एउटा नयाँ योजना लिएर आउनेछौं जसको फलस्वरूप तिनीहरूको गृह, शिक्षा, स्वास्थ्य, कारिगरी दक्षता तथा रोजगारमा विशेष सुविधा पाउनेछन्। देशको युवाशक्तिलाई हामी वाणिज्य संगठनमा विशेष सहायता गर्नेछौं।

23) कृषि तथा कृषि विषयक माछापालन, पशुपालनले हामीबाट अग्राधिकार पाउनेछन्।

हामी देशको कृषकहरूद्वारा उत्पादित चामल, पाट, गहुँ एवं अन्यान्न मुख्य शस्य उत्पादनमा एउटा सठिक मूल्य प्रदान गर्नेछौं।

कृषकहरूको उत्पादनको सठिक मूल्य प्रदान गर्न कृषक उत्पादन प्रकल्प शुरु गर्नेछौं।

हाम्रो विशेष नजर हुनेछ उच्चमानको बीजको उत्पादन सर्वराह तथा शोध क्षेत्रमा कृषकहरूको एउटा स्थितिशील अर्थनैतिक अवस्थाको लक्ष्य, हामी शस्य विभाजन तथा बहु फसल व्यवस्थाको परिकल्पना राख्नेछौं।

सारा देशमा ऋण केवल किसान क्रेडिट कार्डमा मात्र सीमित नराखी हामी कृषकहरूको निम्ति ऋण विषय एउटा स्वयंमा पूर्ण भएको नीतिको कुरो साँचेका छौं।

साना क्षेत्रिय कृषकहरू जसले ऋण लिएर फर्काउन सक्दैनन्,तिनीहरूको निम्ति

ऋण माफीको एउटा विशेष स्कीम-को कुरो पनि सोंचेका छौं।

कृषि र कृषि विषयक क्षेत्रमा सठिक कारिगरीको निम्ति तथा गाउँमा रोजगारको लक्ष्य हाम्रो परियोजनामा रहनेच। गाउँमा केन्द्रीकर हुनेछ विकासको यो मोडल अन्यतम अंग हो। कृषकहरूको सन्तानहरू सामु हामी पुग्नेछौं कारिगरी विकास र शिक्षाको सुयोग।

देशको उपकूलवर्ती मत्यसजीवि तथा अभ्यान्तस्तरमा माछा पालनको निम्ति एउटा स्थितिशील विकासो पथ तयार गर्नेछ। सानो तथा क्षेत्रिय माछा पालकहरूले विकासको निम्ति अग्रधिकार हामीबाटै पाउनेछ।

पोलट्री पालन कृषि विषयक शिल्पको एउटा प्रधान अंश हो तथा यो क्षेत्रमा बहु महिलाहरू संयुक्त छन्। हामी उद्योगपतिहरूलाई विशेष रूपले उत्साह प्रदान गर्नेछौं।

दुग्ध विप्लवको गतिलाई निरन्तरता दिन देशमा हामी भ्यालु एयाडेड दुग्धजातिय द्रव्यहरू (घ्यु, मिठाई,छास आदि) प्रति विशेष नजर राख्नेछौं।

24) देशमा फूडप्रोसेसिङ शिल्प अहिले पनि पछि छ।देशको 40 प्रतिशत उत्पादित फल अहिले पनि नष्ट हुन्छ जसको मूल कारण हो कोल्ड चेन संरचनाको अभाव। हामी यो क्षेत्रमा विशेष नजर दिनेछौं जसमा हुनेछ सौरशक्ति चालित गोदामघर। यसबाहेक कोल्ड चेन मार्फत् शीतल कन्टेनर परिवहनको निम्ति।

हाम्रो काँचोमाल प्रक्रियाकृत द्रव्यमा परिणत गर्न विशेष परिकल्पना राखेका छौं। यस क्षेत्रमा विश्वस्तरीय सेफ्टी स्ट्यान्डर्ड मानेर नै चल्नेछौं।

फुड प्रोसेसिङप्रति विशेष य दृष्टि कृषि जमिनदेखि खाने टेबलसम्म विभिन्न चरणमा प्रचुर रोजगार सृजना गर्नेछ।

25) देशको क्षुद्र, मझौलो र कुटीर शिल्पप्रति नजर दिन अति प्रयोजनीय छ। एकातिर घरेलु र अपरिणति जीएसटीको माध्यमले यो क्षेत्र विशेषरूपले क्षतिग्रस्त बनेको छ।

हामी देशको अतिक्षुद्र, क्षुद्र र मझौलो संस्थाहरूको निम्ति लिएर आउन चाहन्छौं उन्नत कारिगरी विद्या। यो क्षेत्रले भविष्यमा रोजगार र वाणिज्यिक संगठनको क्षेत्रमा विशेष भूमिका खेल्नेछ तृणमूल स्तरमा।

पश्चिम बंगालको सफलतो एम एस एम ई सेक्टरको भूमिका अनस्वीकार्य। हाम्रो शासनकालमा बंगालमा एम  एस एम ई सेक्टरको संख्या बढ़ेर 49-520भएको छ।यस विशेष क्षेत्रमा सर्वराहकृत ऋणको हिसाबमा बंगालको स्थान पहिलो छ। 2017-18 सालमा यो ऋणको परिणाम थियो 44000 करोड़। पश्चिमबंगाल हाल राज्यको समन्वय ब्यांकको एम एस एम ई ऋण सर्वराहको निम्ति योग गरेको थियो।

26) देशमा असंगठित क्षेत्रमा धेरै मानिसहरू काम गर्छन्, अन्तराष्ट्रीय लेबर अर्गनाइजेशनले जस्तै भारतमा 521 लाख कर्मरत मानिसहरू मध्ये 92 प्रतिशतले कार्य गर्छन यही क्षेत्रमा। यो विशेष क्षेत्रमा बहु क्षुद्र एवं अति क्षुद्र व्यवसायिक संगठनहरू युक्त छन्। हामी यो विशेष क्षेत्रमा नजर दिनेछौं ब्यांक फाइनेन्स,कारीगरी विकास, मार्केटिङ तथा दक्षता वृद्धिको । यो विशेष क्षेत्रमा कुनै क्लस्टर सृष्टि गर्न सकिन्छ कि सकिँदैन भनेर। हामी यसको निम्ति तयार गर्नेछौं एउटा विशेष टास्क फोर्स जसले हाम्रो नीति निर्वाचनमा सहायता गर्ने छ।

27) स्वाधीनताको 71 वर्षपछि कारीगरी क्षेत्रमा जीडीपी केवल 26 प्रतिशत उत्पादन गर्थ्यो भने शिल्प उत्पादनले 16 प्रतिशत।

हामी एउटा जातीय शिल्पनीतिमा बस्नु उचित छ। जसमा उत्पादन शिल्प, खानी शिल्प, विद्युत र अन्यान्न शिल्पलाई एउटा छानोमुनि ल्याउनु पर्छ। यो पलिसी शिल्पगत खोजलाई इन्जिनियरिङ र म्यानेजमेन्ट पाठसँग युक्त गरी द्रुत परिवर्तनशील दुनियाँले नै देशको कारिगरी पक्षबाट अघि राख्छ। शिल्प रफ्तानी यो नीतिको एउटा अविच्छिन्न अगं हुनेछ।

28) तथ्य प्रयुक्ति र तत्संस्कार शिल्प खुबै बदलिरहेछ। ब्यांक, अफिस, बीपीओको दिन सकिएको जस्तो छ।त्यसैले हामीले भारतलाई अन्य देशसामु आर्टिफिसियल

इन्टिलजेन्स, ब्लक चेन, मसिन लर्निङ, अनि भोटमा एनालाइटिकको एउटा उज्यालो नक्षत्रको रूपमा प्रमाण गर्न चाहन्छौं।

यी समस्त क्षेत्रमा हामी शिल्प आधुनिकीकरण, स्वास्थ्, शिक्षा, कृषि उन्नयन तथा अन्यान्न सामाजिक संरचनासँग जोड़न चाहन्छौं। यसैले एउटा स्वंय सम्पूर्ण आईटी पलिसिको प्रयोजन अनस्वीकर्य। इलेक्ट्रोनिक हार्डवेयर आमदनी वा हाम्रो देशमाथि एउटा बोझ बसिरहेछ त्यसलाई नाश गर्न चाहन्छु।

29) हामी शिल्प बन्धव ऐन चालु गर्न चाहन्छौं। यो एउटा यस्तो व्यवस्था हो जसमा श्रमिक एवं म्यानेजनमेन्ट सहयोगिताको माध्यमद्वारा कार्य गर्नेछन् श्रमिकको कुनै स्वार्थ नमारीकन। एउटा उच्च क्षमताशील परिषदले यसको परिचर्चा गर्ने छ।

30) देशको प्रत्येक अंशमा सानो तथा ठुलो, स्थानीय एवं सनातन संस्कृतिलाई उत्साह दिन हामीले एउटा नेशनल कल्चरल डेभलपमेन्ट काउन्सिल बनाउन चाहन्छौं, प्रत्येक बजारसँग सहयोगिताद्वारा।

पश्चिम बंगालमा सफलतापूर्वक ग्रामीण र लोककलाकारहरूलाई भत्ता र मेडिकल इन्सुरेन्स प्रदान गरिन्छ।

आञ्चलिक सिनेमा, थियोटर, संगीत र जात्राको अग्रगतिको क्षेत्रकाहरूलाई विशेष प्राधान्य दिइनेछ।

31) देशका पछि परेका जिल्लाहरूलाई विशेष नजर दिइनेछ।

32) हाम्रो देशका पहाड़ क्षेत्रका मानिसहरूलाई सहायता गर्न हामी प्रतिबद्द छौं। देशका पहाड़ी क्षेत्रकाहरूका निम्ति विशेष परियोजनाहरू ल्याइनेछ। पश्चिम बंगालका कालेबुङ, मिरिक, खरसाङ, दार्जीलिङ यी समस्त पहाड़ी क्षेत्र हाम्रा गौरव हुन्। यहाँका मानिसहरूको अर्थनैतिक, सामाजिक विकासको निम्ति हाम्रो सरकार सदा जाग्रत रहन्छ। यही उदाहरण सामु राखी देशका समस्त पहाड़ी अञ्चलका मानिसहरूको सार्विक विकासको निम्ति हामी प्रतिबद्ध

रहनेछौं। यसरी नै सप्तसिन्धु अञ्चल हुनेछन् हाम्रो अन्यतम महत्वपूर्ण केन्द्रबिन्दु।

33) विशेष आर्थिक सहायतासँग हाम्रो देशको उत्तरपूर्व राज्यहरूको वृद्धि र विकास सन्तोषजनक छैन। 66 वन, वृहत हाइड्रल प्रोजेक्ट पोटेन्सियल, प्रधान एग्रो-प्रोसेसिङ सुविधा, टेक्सटाइल, असाधरण पर्यटन व्यवस्थाद्वारा झारखण्ड, उडिसा, अन्दमान, आसाम, अरूणाचल, मणिपुर, मेघालय, मिजोराम, नागाल्याण्ड, त्रिपुरा तथा सिक्किमलाई लुक स्टेट पलिसिको गेटवे बनाउने सिद्धान्त लिँदैछौं।

34) हाम्रो देशको उपजातीय क्षेत्रहरू वृद्धि र विकासमाथि जोड़ दिइनेछ।

35) हाम्रो संकल्प पर्यटन शिल्पलाई तकमा दिने तथा एउटा जातीय पर्यटन परियोजना चालु गर्ने। एउटा पर्यटन व्यवस्थालाई उन्नत गरेर विभिन्न अर्थनैतिक अवस्थाको मानिसहरूको निम्ति रोजगारको अवसर हुनेछ। हाम्रो लक्ष्य हालको पर्यटन स्थलहरू मात्र नभएर देशको नयाँ नयाँ स्थानहरूको पनि पत्तो लगाउनु हुनेछ। हामी विशेष ग्रामीण पर्टयनको संरचनामा विशेष ध्यान दिँदैछौं।

36) हामीलाई थाहा छ वाणिज्यकरण र नगर परिवेशको निम्ति क्षतिग्रस्त हो। परिवेश परिवर्तनको निम्ति हाम्रो देशले प्यारिस चुक्तिपत्र सही गरेको छ। हामी हरियो र सफा परिवेश बनाइ राख्न गम्भीर रूपले प्रतिबद्ध छौं। फलस्वरूप हामीले परिवेश साथी र मानिसको निम्ति उपकारी नियम बनाउने छौं।

37) देशमा गाड़ीको संख्या द्रुत गतिमा बढिरहेछ। फलस्वरूप मोटर भेकल नियमहरूमा संसोधन ल्याउनु पर्नेछ।

38) देशमा नगरोन्नयन द्रुत वृद्धिको प्रयोजनीयकरण

हाम्रो देशमा नगर विकाससँगसँगै हाउजिङ तथा कम खर्चको हाउजिङतिर नजर दिनु जरूरी छ। पश्चिम बंगाल राज्यको निज गृह निज भूमि नामक प्रकल्प जस्तै सारा देशका मानिसहरूको निम्ति विकास गर्न चाहन्छौं।

विद्यामान शहरहरूमा द्रुत गतिले नयाँ शहरहरू तयार हुनुको साथसाथै शहरको संरचनागत रूपले जुन चाप सृष्टि हुन्छ त्यो नजरमा राख्नु पर्छ। हामी सार्विक रूपले समस्या हेर्नछौं र समाधान गर्नेछौं।

39) देशभरि प्रधान हाइवे करिडर अपरिहार्य। हामी काश्मीरदेखि कन्याकुमारी तथा कोहिमादेखि द्वारका, यो फोर सिस्टर्स हाइवे करिडर तिर ध्यान दिनेछौं। फोर सिस्टर्स प्रकल्प समयमै वास्तविक पार्नेछौं।

40) हाल रेल्वे संस्कार अत्यन्त जरूरी छ। यसो निम्ति हाम्रोमा भिजन 2020 नामक 2009 मै प्रस्तुती र पार्लियमनेटमा उपस्थापित  एउटा दलील छ। भिजन 2020ले उन्नत भविष्यतिर डोहर्याएर अघि लानेछन्।

41) जल परिवहन, करिडर निर्माण, गंगा, हुगली, ब्रह्मपुत्र, टिस्टा, महनदी, कृष्णा, गोदावरी, नर्मदा, सुन्दरबन, बन्द्वीप, करला ब्यांक वाटर्सलाई संगै लिनुपर्नेछ। यो करिडर मालपत्र मात्र नभएर पर्यटकहरूको निम्ति सिरिज र हेरिटेज टुर पनि हुनेच।

42) हाम्रो बेसरकारी र सरकारी अंशदारी व्यवसायमा यथेष्ठ लाभ आएन्। त्यसैले यस्तो प्रकारको अंशीदारी व्यवसायमा पलिसिहरू राम्रो सँगले विचार गर्नुपर्ने हुन्च।

43) हालको इण्डियन पिनल कोड सृष्टि भएको थियो साम्राज्यवादी समयमा। आधुनिक समयसँग मिलाएर  पनि विशेष परिवर्तन गर्नमा हाम्रो सरकारले जोड़ दिनेछ।

44) जमिन अधिग्रहण नीतिको दृष्टिभंगीमा परिवर्तन जरुरी छ।  शारिरीक बलले कृषिसह कुनै पनि जमिन अधिग्रहण गरेको छ भने निर्दिष्ट गाइलाइन मानेको हुनुपर्छ र आफैले जमिनको गाइडलाइन पालन गर्नु पर्नेछ। सरकारी वा बेसरकारी शक्तिद्वारा जमिन अधिग्रहण रद्ध गरिनेछ। राज्य वा केन्द्रीय सरकारको प्रत्येक विभागमा ल्याण्ड ब्यांक र जमिन हुनुपपर्छ। यी जमिनहरू शिल्पोन्नयन र लजिस्टिक तयार गर्नको निम्ति व्यवहार गर्न सकिन्छ।

45) हाम्रो अरण्य ऐन पनि परिवर्तन गर्न जरूरी छ। जहाँ अरण्यवासी मानिसहरू र आदिवासीहरूको स्वार्थ रक्षाको विपुल प्रयोजन च।

46) हाम्रो लक्ष्य हो सबैको निम्ति बिजुली।भारतको सबै गाउँहरूमा उन्नतमानको बिद्युत पुर्याउन लक्ष्य हाम्रो हो।

47) अति शीघ्रै हामी क्लिन एनर्जी तर्फ बढ्नेछौं। हाम्रो विशेष नजर हुनेछ प्राकृत ग्यास, कोल बेड मिथेन, ग्यास फायर्ड, ताप विद्युत, अतिरिक्त निर्भशीलता जलशक्ति, शेल ग्यास तथा अन्यान्न।

48) संरचना आधुनिक अर्थनीतिको मेरुदण्ड हो। पश्चिम बंगालमा गत सात वर्षदेखि6.5 गुण बंसी मूलधनी व्याय भएको छ। यसको माध्यमद्वारा संरचनात्मक विशय सम्पद। हामी यसलाई आधुनिक उच्चमानको बनाउने छौं।

49) हाम्रो देशमा वृष्टिको पानी सञ्चय गर्ने कुनै व्यवस्था छैन।हामी सत्तामा आए रेनवाटर हार्भेस्टिङ पलिसी शुरु गर्नेछौं।

50) हामी देश-विदेशमा भएका कालोधन फर्काउने छौं सठिक पद्धतिद्वारा।

51) समस्त राज्यमा केन्द्रीय संस्थाहरूले स्वाधीनरूपले आफ्नो काम गर्न पाइरहेका छन् कि छैनन् हामी नजर दिनेछौं।

52) काश्मीरमा शान्ति फर्काइल्याउने कर्त्तव्य हाम्रो हो। यसको निम्ति समस्त देशवासीप्रति आशा साँचेका छौं।

53) हाम्रो एकमात्र अधिकार खाद्यद्रव्य प्रभुत्वतिर अघि बढ्यौं भने हाम्रो ऐनलाई अझ शक्तिशाली बनाउन पर्नेछ।

54) हामी द्रुत गतिले जीएसटी परिवर्तनको निम्ति आग्रह गर्नेछों। जसले साना व्यवसायीहरूलाई कुनै कष्ट नहोस्।

55) कुनै गाउँ ब्यांक बिना रहनेछैन। पोस्ट अफिसमा नव निर्धारित पद्धतिलेअर्थनैतिक अन्तर्भुक्तिको एउटा हिसाबको रूपमा प्रयोग गर्नेछ।

56) हामीले एउटा फरेन ट्रेड पलिसि ल्याउन सक्छौं जसद्वारा एक्सपोर्ट शुल्कमा ह्रास तथा इम्पोर्टबाधिक शुल्कद्वारा एउटा सामनजस्यता हुनेछ। यो क्षेत्रमा विशेष नजर हुनेछ एम एसएमए तथा श्रम शिल्पमा। हामी हाम्रो देशको स्वार्थ रक्षा गर्न अघि आउँछौं।

57) समस्त राज्य अनि देशको सर्वदलीय परिकल्पना र विकासको निम्ति हामीले प्लानिङ कमिशन पुनप्रतिष्ठा गर्नेछौं जुन मोदी सरकारद्वारा अन्यान्न रूपले भंग गरिदिएको थियो। यस कमिशनले विभिन्न राज्य र केन्द्रमाझ कथोपकथन प्रक्रिया एवं विकासमूलक विषयहरूलाई कार्यकर गर्नेछ र देश सठिक पथमा अग्रसर हुनेछ।

58) हामी राज्य सरकार सामुले पाउने सहुलियतहरूबारे  जान्न चाहन्छौं।

59) हाम्रो वैदेशिक नीति निर्भरशील हुनेछ समस्त राष्ट्रका शान्तिपूर्ण सहअवस्थानमाथि। हाम्रो प्रचेष्टा हुनेछ मानिस मानिसमाझ सम्पर्क बढ़ाउने। विशेषरूपले सामाजिक, अर्थनैतिक र कारिगरी क्षेत्रमा। हाम्रो सामग्रिक दर्शन बसुधैव कुटुम्बकम हुनु उचित हो। ढहशुेीश्रव ळी`पशुिशशीं षराळश्रू.

60) प्रतिरक्षाको क्षेत्रमा हाम्रो जातीय निरापत्ताको प्रश्न पनि प्रासङिगिक छ। हामी एउटा मास्टर प्लान तयारी देशमै यन्त्रपातीहरू बनाउन चाहन्छौं। यस, क्षेत्रमा एउटा स्वच्छ, सफा, दुर्नीतिमुक्त  प्रोसेस तथा पलिसी सृष्टि गर्नु पर्ने छ।

61) देशका सबै जवान तथा तिनीहरूको परिवारको भविष्य निश्चित गर्न हामीलाई एउटा सामग्रिक परिकल्पनाको खाँचो छ।

# पश्चिम बंगालमा सुशासनको उदाहरण

## आमा-माटो-मानिसको सरकारको साढ़े 7 वर्षमा राज्यको विकास- एक नजरमा

- **राज्यका प्राय: 10 करोड़ जनसंख्या मध्ये 90 प्रतिशत मानिसहरूले कुनै न कुनै सरकारी परिसेवाको सुविधाहरू पाइरहेका छन्।**
- वर्तमान सरकारको कर्मसूचीद्वारा **साधारण मानिसले जन्मदेखि मृत्युसम्म नै केही सुविधाहरू पाइरहेका** छन्।
- शिशु कन्या जन्मे **'सबुश्री'** प्रकल्पमा एउटा मूल्यवान बिरुवा -यसपछि **'कन्याश्री', 'शिक्षाश्री', 'सबुजसाथी', 'स्वामी विवेकान्नद मेरिट कम मिन्स स्कलरसीप', 'खाद्यसाथी', 'युवाश्री', रूपश्री, स्वामी विवेकानन्द स्वनिर्भर कर्मसंस्थान प्रकल्प, सामाजिक सुरक्षा योजना** प्रभृति एकगुच्छ प्रकल्प- सबैभन्दा अन्तिममा छ समव्याथी।
- **देशभरिमा नम्बर** 1
    - **जीएसडीपी वृद्धिको हार देशभरिमा सबभन्दा बेसी**
    - **100 दिनको कार्य, ग्रामीण आवास एवं ग्रामीण बाटो निर्माण देशभरिमा सर्वोत्कृष्ट।**
    - **स्किल डेभलपमेन्टमा देशभरि नम्बर 1।**
    - **कार्यको स्वच्छता र ई - टेन्डरिङ्मा देशभरिमा सर्वोत्कृष्ट।**
    - **एम एस एम ई सेक्टरमा ऋणदान गर्नमा देशभरिमा सर्वोत्कृष्ट।**
    - **ईज अव् डुयिङ बिजनेसमा देशभरिमा अन्यतम सर्वोत्कृष्ट।**
    - **संख्यालघु वृत्ति र ऋण प्रदानमा देशभरिमा सर्वोत्कृष्ट।**
    - **कृषकहरूको आयवृद्धिमा देशभरिमा सर्वोत्कृष्ट।( 3 गुणा आय बढ़ेको छ)**
- **अघि बढ़ बंगाल -**
    - **बंगालको जीभीए (Gross Value Added) वृद्धिको गढ़ जातिय औसतभन्दा 65 प्रतिशत बेसी।**
    - **बंगालको शिक्षाक्षेत्रमा वृद्धिको औसतभन्दा 194 प्रतिशत बेसी।**
    - **बंगालको परिसेवा क्षेत्रमा औसत जातीय औसतभ्दा 26 प्रतिशत बेसी।**

- **बंगालको कृषि र संशिल्ष्ट क्षेत्रमा वृद्धिको औसत जातिय औसतको 247 प्रतिशत बेसी।**
- **बजारको राजस्व अदाय औसत साढ़े 7 वर्षमा अढ़ाई गुणा बढ़ेको छ।**
- **राज्यमा बेकारत्वको हार 40 प्रतिशत कम्ती भएको छ।**
- **गत साढ़े 7 वर्षमा राज्य सरकारको मूलधनी क्षेत्रमा खर्च बढ़ेको छ 9 गुणा एवं संरचनाले प्राय: 4 गुणा वद्धि पाएको छ।**
- **देशभरिमा सबभन्दा बेसी धान, सब्जी, मह र माछा उत्पादन।**

● **कृषि र संलग्न क्षेत्र**

- **कृषकहरूको आयमा 3 गुणा वृद्धि भएको छ।**
- खाद्यशस्य उत्पादनको निम्ति पटकपटक 5 पल्ट भापरत सरकारको **कृषिकर्मन पुरस्कार** प्राप्त।
- **30 जनवरी 2019देखि चालु गरिएको कृषक बन्धु प्रकल्प-** राज्यका कृषकहरूहरूलाई **वर्षमा दुई किस्तिमा प्रति एकर 5 हजारको सहायता** प्रदान।
- **18 वर्षदेखि 60 वर्षसम्मका कृषकहरूको मृत्यु** भएको खण्डमा परिवारलाई **2 लाखको सहायता राशि प्रदान**।
- यसको निम्ति राज्य सरकारको **5 करोड़ रूपियाँ खर्च भएको** छ।
- यस परियोजनाद्वारा राज्यका **प्राय: 72 लाख कृषकहरू उपकृत** हुनेछन्।
- कृषकहरूहरूको **शस्यवीमाको प्रिमियमको सम्पूर्ण पैसा राज्य सरकारले वहन गर्दैछ।** कृषकहरूले कुनै पैसा दिनु परेको छैन- **यसको निम्ति सरकारले वर्षमा 700 करोड़ रुपियाँ खर्च गर्दैछ**।
- कृषकहरूको धानको न्याय मूल्य सरासरी हातमा पाउन् भन्ने सुनिश्चित गर्न **चालु गरिएको छ 'आफ्नो धान दिनुहोस्, आफै चेक' लिनुहोस् प्रकल्प**।
- **कृषि जमिनको खजाना र मिउटेसन फि सम्पूर्ण छुट** दिइएको छ।
- 2018-19 खरिफ च्याउ, **धानको न्यूनतम सहायक मूल्य**(2017-18 खरिफ च्याउ कुइन्टल प्रति 1550 देखि)**बढ़ाएर कुइनटल प्रित 1750**

**रुपियाँ गरिएको छ।**

- अन्यान्न **फसलको अभावी बिक्री बन्द गरी उत्पन्न** फसलको न्याय मूल्य निश्चित गर्न एउटा **विशेष तहबील** गठन गरिएको छ।
- **प्राकृतिक प्रकोपले फसल नष्ट भएकोमा क्षतिग्रस्त प्रायः 66 लाख कृषकहरूलाई फेरि खेती** गर्नको निम्ति निजस्व तहबीलबाट **प्रायः 2 हजार 415 करोड़ रुपियाँको आर्थिक सहायता** प्रदान गरियो।
- **कृषकहरूको वृद्धभत्ताको परिमान मासिक 750देखि बढ़ाएर रू.1000 गरियो जसको लाभार्थी संख्या 66 हजारदेखि बढ़ेर 1 लाख** गरिएको छ।
- **963 वटा कस्टम हियरिङ सेन्टर स्थापना गरेको छ जहाँबाट क्षुद्र र क्षेत्रिय कृषकहरूलाई कृषि यन्त्रपातीहरू प्रयोगको सुयोग दिइन्छ।**
- **50 लाखभन्दा बेसी सोयल हेल्थ कार्ड वितरण** गरियो।
- दाल शस्यको उत्पादन 2.51 गुणा, तेलबीजको उत्पादन 1.6 गुणा, मकैको उत्पादन 3.8 गुणा, मोठ खाद्यशस्यको उत्पादन 1.24 गुणा वृद्धि भएको छ जसले कृषकहरूलाई अनेक गुणा उत्पादन गर्ने मौका प्रदान गरेको छ।
- सारा राज्यमा **मोठ प्रदत्त किसान क्रेडिट कार्डको संख्या 69 लाखभन्दा बेसी छ। 2011 सालभन्दा अघि यो संख्या थियो 21 लाख ।**
- राज्यभरि 186 वटा **किसान मन्डी** स्थापना गरिएको छ।
- नियमति **माटो उत्सवको** आयोजना भइरहेछ।
- **सिंगुर आन्दोलनको स्मरणमा मनुमेन्ट स्थापना** भइरहेछ। यो आन्दोलनलाई स्मरण गरेर **प्रत्येक वर्ष 14 सेप्टेम्बरमा सिंगुर दिवस** हिसाबले पालन गरिन्छ।
- नन्दीग्राम कृषक आन्दोलको शहीदहरूप्रति श्रद्धा जनाउन, 2012 सालदेखि **प्रत्येक वर्ष 14 मार्च कृषक दिवस** -को रूपमा पालित गरिन्छ। यो दिन कृषकहरूलाई **कृषकरत्न सम्मान** प्रदान गरी सम्मानित गरिन्छ।
- राज्यभरि **2011-17 सालमा प्रदत्त पट्टाको संख्या थियो 3 लाख 5 हजारभन्दा बेसी, 205-11 सम्म यो संख्या थियो केवल 1 लाख 60 हजार।**

- **घरमै बसी अनलाइनमा** जमिन सम्बन्धी परिसेवा जस्तै **जमिनको पर्चा, मिउटेसन, कनभर्सन** इत्यादि पाउन नयाँ **इलेक्ट्रोनिक डेलिभरी सर्भिस सिस्टम** शुरु गरिएको छ।
- **उत्तराधिकारको रूपमा प्राप्त मिउटेसनको क्षेत्रमा मिउचेसन फीमा छुट** दिइएको छ।
- जुन पञ्चायतहरूमा अहिलेसम्म ब्यांकिङ परिसेवा पुगेको छैन त्यहाँ राज्य सरकारको **को-अपरेटिभ ब्यांकको माध्यमद्वारा ब्यांकिङ परिसेवा** प्रदानको व्यवस्था गरिएको छ।
- **मयना मण्डल**-को माध्यमद्वारा जलाशयमा रूई, कत्ला, मृगेल इत्यादि माछाको अंकुर तयारी तथा खेती गरी प्रतिहेक्टर वर्षमा 12000 केजी माछा उत्पादन भइरहेछ।
- **जल धर जल भर प्रकल्पमामा 2 लाख 62 हजारभन्दा बेसी पोखरी खनियो** जुन चाहिँ माछा उत्पादनको निम्ति प्रयोग भइरहेछ।
- **मत्स्यजीवीहरूको निम्ति आवास तयारीको अनुदान 75 हजारदेखि बढ़ाएर 1 लाख रुपियाँ** गरिएको छ।
- उल्लेखयोग्य के छ भने राज्यका प्राय: **15 हजार प्राणीसाथी/ प्राणीमित्र/ प्राणीसेवीहरूलाई रू.1500 नियमित पारिश्रमिक सुनिश्चित** गरिएको छ। निर्दिष्ट परिमाणभन्दा धेर कार्य गरे बापत **अतिरिक्त उत्साह भत्तासह प्रति 3 वर्षमा 10 प्रतिशत हारले पारिश्रमिक वृद्धिको** व्यवस्था गरिएको छ।
- **हाँस र कुख्राको अण्डा उत्पादन तथा हाँस वा कुख्रा खेत स्थापनाको निम्ति सरकारबाट अनुमोदन,** मियादी ऋणमाथि सुदमा छुट, विद्युतमा छुट र **छुट हुनेछ स्ट्याम्प डिउटी र रेजिस्ट्रेसन फीमा पनि** ।

**स्वास्थ्य र परिवार कल्याण-**

- **सरकारी अस्पतालमा बिनामूल्यमा चिकित्सा र रोग निर्णयको व्यवस्था।**
- **स्वस्थ्य साथी** प्रकल्पको माध्यमद्वारा **बेसरकारी अस्पतालमा बिनामूल्य 5 लाखसम्मको स्वास्थ्य बीमाको** सुयोग। यो प्रकल्पमा प्राय: **डेढ़ करोड परिवारको झण्डै साढ़े सात करोड़ मानिसहरू अन्तर्भुकत** भएका छन्।

फलस्वरूप **राज्यका 75 प्रतिशत मानिसलाई नै स्वास्थ्य बीमाले कभर दिइएको छ।**

- **स्वनिर्भरगोष्ठी/आशाकर्मी/आईसीडीएस कर्मी/सिभिक भोलियन्टर/पञ्चायत र नगरपालिका-का निर्वाचित सदस्यहरू/भूतपूर्व खेलाड़ी/स्कुल, कलेज, विश्वविद्यालय, सर्वशिक्षा मिसन,, राज्य सरकारी अफिस र राज्य सरकार गठित विभिन्न कमिशनमा नियुक्ति चुक्तिबन्द कर्मीगण/पारा शिक्षकगण/ ग्रामपञ्चायतसँग युक्त होमियोप्याथिक र आयुर्वेदिक चिकित्सक/शिशु शिक्षा केन्द्र र मद्रासा शिक्षाकेन्द्रका सम्प्रसारक र सम्प्रसारिका/ कोलकाता उच्च न्यायलयका बदली कर्मीगण/पूर्व पञ्जीकृत आर.एस.बी.वाई का सुविधाभोगी/परिचारिका, हकर्स, स्वास्थ्य कर्मी, परिवहन कर्मीगण, रिक्साचालक, दोकानका कर्मीगण-सबै सपरिवार तथा राज्यका एस.ई.सि.सि अनुसार विवेचित परिवारका सदस्यगण स्वस्थ्य साथी प्रकल्पको सुविधाभोगीहरू** हुन।
- महिलाहरूलाई क्षमतासम्पन्न बनाउन स्वास्थ्यसाथीको **स्मार्ट कार्ड घरको महिला सदस्यको नाममा प्रदान गरिंदैछ**। यस परिकल्पनाको सुविधा **परिवारको सबै सदस्यहरूको साथसाथै महिलाको आफ्नो आमा-बाबाले पनि** पाउनेछन्।
- स्वस्थ्य साथी प्रकल्पको सुविधा प्रदान गर्नको निम्ति सरकारले **प्रतिवर्ष 925 करोड़ रुपियाँ खर्च गर्छ**।
- जिल्ला स्तरमा अत्याधुनिक चिकित्सा परिसेवा पुर्याउन, **राज्यभरि 42वटा मल्टि-सुपरस्पेशलिस्ट अस्पताल** स्थापना गरियो।
- सरकारी अस्पतालमा **26 हजारभन्दा धेर बेड बढ़ाइयो**।
- गत साढ़े सातवर्षमा राज्यका **8 वटा मेडिकल कलेज चालु** गरियो तथा अझ **10 वटा नयाँ मेडिकल कलेज** निर्माणको कार्य चलिरहेछ।
- आज सारा राज्यमा **307 वटा SNSU तथा 69 वटा SNCU छन् जहाँ 2011 सालभन्दा अघि एउटा SNSU थिएन तथा SNCU थियो केवल मात्र6 वटा।**

- **42 वटा क्रिटिकल केय युनिट, 26 वटा हाइ डिपेन्डेन्सी युनिट, 16 वटा मदर एण्ड चाइल्ड हब, 116 वटा फेयर प्राइस मेडिसिन सप तथा 130वटा फेयर प्राइस डाइग्नोस्टिक सेन्टर** स्थापना गरियो।
- सन्तान सम्भव र प्रसुतिको निम्ति राज्यका सुदुर अञ्चलहरूबाट आउनेहरूको निम्ति शुरु गरिनेछ **12 वटा "Wating Hut"**।
- राज्यभरी 11 हजारभन्दा बेसी हेल्थ सबसेन्टर र प्राइमेरी हेल्थ सेन्टरलाई सुस्वास्थ्यकेन्द्र हिसाबले निर्माण गरिँदैछ। यसैमाझ 430 वटा सुस्वास्थ्यकेन्द्र शुरु गरियो।
- **अस्पतालमा प्रसवको हार 2011 सालमा 65 प्रतिशतदेखि बढ़ेर 91.5** भएको छ।
- **शिशुमृत्युको हार 2011 सालमा 32 देखि 25 प्रतिशतमा झरेको** छ।
- **मातृ मृत्युको हार 2011 सालमा 113 देखि कम्ती भएर 101 भएको** छ।
- **टीकाकरण 2011 सालमा 80 प्रतिशत थियो भने हाल 99 प्रतिशत भएको** छ।

● **शिक्षा र कारिगरी शिक्षा -**

- स्कुलका छात्र-छात्रीहरूलाई **बिनामूल्य किताब, ड्रेस,जुत्ता, ब्याग, टेस्ट पेपर** वितरण।
- समस्त स्कुलहरूमा **मिड डे मिल**।
- समस्त स्कुलहरूमा खाने **पानीको व्यवस्था, केटीहरूको निम्ति छुट्टै शौचागर**।
- गत साढ़े सात वर्षमा **प्रायः 1 हजार नयाँ प्राइमेरी र 6 हजार नयाँ अप्पर प्राइमेरी स्कुलको** स्थापना गरियो। झण्डै **700 अपर प्राइमेरी स्कुलहरूलाई सेकेण्डरी तथा 2 हजार अपर सेकेण्डरीलाई हाइयरसेकेण्डरीमा उतीर्ण** गरियो।
- राज्यका **26 वटा नयाँ विश्वविद्यालय र 50 वटा नयाँ कलेज स्थापना** गरियो। यसबाहेक अझ **11 वटा नयाँ विश्वविद्यालय निर्माण** गरिँदैछ।

- **2 वटा हिन्दी माध्यमको कलेज र हाउड़ा जिल्लाको आरूपातामा राज्यको प्रथम हिन्दी माध्यमको विश्वविद्यालय निर्माण** गरिँदैछ।
- **ठाकुर नगरमा नयाँ हरिचाँद-गुरुचाँद विश्वविद्यालय निर्माण तथा कृष्णनगरमा हुनेछ यी विश्वविद्यालयको एक्सटेन्सन**।
- **कृष्णनगरमा** निर्माण हुँदैछ **कन्याश्री विश्वविद्यालय**।
- **राजारहाटको निउ टाउनमा झण्डै 257 करोड़ खर्च गरी निर्माण** भइरहेछ **आलिया विश्वविद्यालयको नवनिर्मित भवन**।
- **पूर्व मेदिनापुरमा महिलादलद्वारा** निर्माण भइरहेछ नयाँ **महात्मा गान्धी विश्वविद्यालय**।
- निर्माण भइरहेछ **डाइमण्ड हारबरमा महिला विश्वविद्यालय- पूर्वाञ्चलको प्रथम महिला विश्विद्यालय**।
- सँगसँगै शुरु भएको छ **प्रेसिडेन्सी विश्वविद्यालयको निउटाउन क्याम्पस**। नयाँ यो क्याम्पस स्थापनाको निम्ति राज्य सरकारको तर्फबाट **बिनामूल्य 10 एकर जमिन तथआ नयाँ भवन स्थापनाको** निम्ति **प्राय: 185 करोड़ रुपियाँ दिइएको** छ।
- **एम फील र पी.एच.डी छात्र-छात्रीहरूको रिसर्च स्कलरशीपको पैसा युजीसीले बन्द गरे पनि राज्य सरकारले आफ्नै फण्डबाट पैसा प्रदान गरिरहेकै छ**।
- **कल्याणीमा** निर्माण भइरहेछ राज्यको प्रथम खपवळरप **Institute of Information Techonology (IIIT)**।
- फुलियामा निर्माण भइरहेछ राज्यको प्रथम **Indian Institue of Handloom Technology (IIHT)**
- हरिनघाटामा शुरु भएको छ **MAKAUT (Maulana Abul Kalam Azad University of Technology)**-को क्याम्पस।
- कारिगरी शिक्षामा **188 वटा नयाँ आईटीआई र 88 वटा नयाँ पोलटेक्निकको** स्थापना। जहाँ **2011 सालभन्दा पूर्व आईटीआई थियो**

**मात्र80 र पोलटेक्निक थियो मात्र 65 वटा।**

- **उत्कर्ष बंगाल** कर्मसूचीमा **प्रतिवर्ष प्राय: 6 लाख युवक-युवतीहरूलाई स्किल ट्रेनिङ प्रदान** गरिँदैछ।
- **2013,2014 र 2019 सालमा बंगालले गर्यो अल इण्डिया स्किल कम्पिटिसनमा प्रथम स्थानाधिकार।**

● **पञ्चायत र ग्रामोन्नयन -**

- **100 दिनको कार्य, ग्रामीण आवास र ग्रामीण सड़क प्रकल्पमा देशभरीमै बंगाल सर्वोत्कृष्ट।**
- **100 दिनको कार्य, मोठ श्रमदिवस सृष्टिमा, परिवारै पछि श्रमदिवस सृष्टिमा तथा मोठ खर्चको हिसाबमा देशभरिमै बंगाल नम्बर 1।**
- गत साढ़े सातवर्षमा राज्य **100 दिनको कार्यमा प्राय: 42,126 करोड़ रुपियाँ खर्च गरी प्राय:191 करोड़भन्दा धेर श्रमदिवस तयारी** गरियो।
- गाउँ र शहरमा गत साढ़े सात वर्षमा **40 लाख घर तयारी गरियो तथा 26000 किलोमीटर बाटो निर्माण र पुनर्निमार्ण** गरियो।
- 100 दिनको कार्य, बंगालको आवास योजना इत्यादि प्रकल्पको साथ जोड़िएर राज्यका प्राय: **25 हजार भिलेज रिसोर्स पर्सन-हरूको वार्षिक कार्यको दिन(30 दिनदेखि) बढ़ाएर 50-55 दिन गरियो जसको फलस्वरूप तिनीहरूले वार्षिक 16 हजारसम्म आय गर्न सक्छन्।**
- **समव्याथी** प्रकल्पले राज्यभरीका **प्राय: 2 लाख मानिसहरू उपकृत बनेका छन्।**
- **वैतरणई** प्रकल्पमा **शमशान र वैद्युतिक चुल्हाहरूको विकास** गरिँदैछ।

● **संख्यालघु विकास-**

- संख्यालघु विकास विभागलाई **20110-11-मा 472 करोड़ बजट दिइन्थ्यो भने2018-19 -मा 8 गुणा बढ़ाएर 3,258 करोड़** गरिएको छ।
- विगत **साढ़े** सात वर्षमा राज्यका:
  - **2 करोड़ 3 लाखभन्दा धेर संख्यालघु विद्यार्थीहरूलाई 2557 करोड़**

**रुपियाँभन्दा धेर स्कलरसीप दिइएको छ जुन देशभरिमा 1 नम्बरमा छ।**

- **8 लाखभन्दा धेर संख्यालुघ युवक-युवतीहरूलाई स्वरोजगारको निम्ति 1300 करोड़भन्दा धेर ऋण** प्रदान गरियो **जो देशभरिमै 1 नम्बर** हो।

- ♦ उच्चशिक्षाको क्षेत्रमा साधारण छात्रछात्राहरूको आसन संख्या नघटाइ संख्यालघु छात्रछात्राहरूको निम्ति 17 प्रतिशत वृद्धि गरिएको छ।
- ♦ स्थानीय मानिसहरूलाई रोजगार वृद्धिको लक्ष्यमा सारा राज्यमा 528 वटा **कर्मतीर्थ** निर्माण गरिँदैछ।
- ♦ निउ टाउनमा प्राय: 20 ऐकरको स्थानमा प्राय:257 करोड़ रुपियाँ खर्च गरेर आलिया विश्वविद्यालयको नयाँ क्याम्पस तथा छात्रछात्रीहरूको निम्ति छुट्टै होस्टेल निर्माण गरिँदैछ।
- ♦ राजारहाटमा 5 ऐकर जमिनमा प्राय: 100 करोड़ व्याय गरी निर्माण भइरहेछ 12 तल विशिष्ट हट टाउनको कमप्लेक्स मदिना-तूल-हज्ज्ञाको निम्ति। यहाँ एकैसाथ तीनहजारभन्दा धेर हज यात्रीहरू बस्न सक्नेछन्।
- ♦ प्राय: साढ़े चार हजार कबरस्थानको चारैतिर प्यानल लगाइयो।

● **अनग्रसर कल्याण एवं आदिवासी विकास -**

- ♦ अनग्रसर कल्याण एवं आदिवासी विकास विभागको बजट 2010-11 सालमा 566.50 देखि तीनगुणा बढ़ाएर 2018-19 -मा 1765 गरिएको छ।
- ♦ पृथक आदिवासी विकास विभाग गठन गरिएको छ जसलाई मुख्यमन्त्री स्वंयले नै हेर्छिन्।
- ♦ माननीय मुख्मन्त्रीको सभापतित्वमा ट्राइबल्स एडभाइजरी काउन्सिल तथा सिडुल कास्ट एडभाइजरी काउन्सिलको गठन गरिएको छ तथा नियमित मिटिङ्को माध्यमद्वारा आदिवासी  एवं तपशिली जातिका मानिसहरूको विभिन्न विकास प्रकल्पको अग्रगति पर्यालोचना भइरहेछ।
- ♦ **सबुज साथी** प्रकल्पमा 8 देखि 12 क्लाससम्मका छात्रछात्रीहरूलाई 1 करोड़ साइकल प्रदान गरिइसकेका छन्।

- **सबुज साथी** प्रकल्पले **युनाइटेड नेसन्सको सर्वोच्च पुरस्कारको निम्ति मनोनित भएको थियो। विश्वभरी नै 1140 प्रकल्प मध्ये प्रथम 5-मा छनौट भएको थियो।**
- विगत **साढ़े** सातवर्षमा सारा राज्यका 70 लाख छात्रछात्रीहरूले शिक्षाश्री प्रकल्पको सहायता पाइरहेच।
- हाल राज्यका **SC/ST/OBC certificate प्रदानको वार्षिक औसत संख्या 9 लाख भएको छ भने 2011 सालभन्दा अघि यसको औसत थियो अढ़ाई लाख।**
- **SC/ST छात्रछात्रीहरूको पेशादारी र कारिगरी शिक्षाको निम्ति देशमा नै पढ़नका निम्ति सर्वाधिक 10 लाख रूपियाँ तथा विदेशको निम्ति सर्वाधिक 20 लाख सहज किस्तिमा ऋणको व्यवस्था गरिएको छ जसले देशमा एउटा उदाहण नै पेश गरेको छ।**
- **SC/ST छात्रछात्रीहरूलाई जोइन्ट एन्ट्रेन्सको कोचिङ** दिनको निम्ति राज्यभरी नै 36 वटा केन्द्रहरू स्थापना गरिएको छ।
- राज्यभरि नै **ST वृद्धि भत्ताको लाभार्थी संख्या हाल बढ़ेर प्राय: डेढ़ लाख** गरिएको छ।
- केन्दु पत्ता संग्रह गर्ने दरिद्र आदिवासी र अन्यान्न परिवारको सामाजिक सुरक्षा निश्चित गर्न **West Bengal Kendu Leaves Collectors' Social Security Scheme 2105 चालु** गरेको छ। **यस परियोजनामा राज्यभरिका 35 हजारभन्दा धेर परिवार अन्तर्भुक्त** भएका छन्।
- यस कर्मसूचीमा,
    - **60 वर्ष उमेर भएपछि सर्वोच्च डेढ़ लाखसम्म।**
    - **दुर्घटनाजनित मृत्यु भए एककालिक डेढ़ लाखसम्म र स्वभाविक मृत्यु भए एकलाकिक 50 हजार रुपियाँ।**
    - **स्थायी असक्षमताको निम्ति 25 हजार रूपियाँष**
    - **मातृत्वकालीन सहायताको रूपमा 6 हजार रूपियाँ।**

- **अस्वस्थ्याको अवस्थामा वार्षिक 25 हजार रूपियाँ।**
- **पारिवारिक सदस्यको मृत्यु भए संस्कारको निम्ति 3 हजार रूपियाँको आर्थिक सहायता प्रदान गरिँदैछ।**

♦ **नमशुद्र र मतुया सम्प्रदायका** मानिसहरूको निम्ति दुईवटा बोर्ड गठन गरिएको छ। योसँग **22 वटा बोर्ड** गठन गरियो।

♦ **जाहेर थानको पट्टा र त्यहाँ चारैतिर प्राचीर** लगाइँदैछ।

♦ **साउँताली भाषालाई विशेष मर्यादा दिएर थइउड परीक्षामा ऐच्छिक विषयको रूपमा अन्तर्भुक्त गरिएको छ। अलचिकी लिपिमा स्कुलको पाठ्यपुस्तक प्रकाश** गरिँदैछ।

♦ **राजवंशी भाषा अकादमी गठनको साथसाथै राजवंशी सांस्कृतिक विकास बोर्ड गठन** गरिएको छ।

● **जंगलमहल विकास-**

♦ **जंगलमहलमा शान्ति** स्थापना भएको छ।

♦ **राज्य सरकारको आर्थिक सहायता** Jangalmahal action Plan (JAP) सुचीमा बाँकुड़ा, झाड़ग्राम, पुरुलिया, पश्चिम मेदिनापुर र वीरभूम जिल्लाका विकासका कार्यहरू भइरहेछ।

♦ जंगलमहल क्षेत्रमा प्राय: 32 हजार हेक्टर जमिनमा सिंचाईको व्यवस्था गर्नको निम्ति **500 करोड़ लागतको जलतीर्थ प्रकल्प चेक ड्याम र जल संरक्षण ट्यांक तयार** गरिँदैछ।

♦ **जंगलमहलमा 33 हजारभन्दा धेर युवक-युवतीहरू एग्श्रिाशपीं इरपज्ञ-को माध्यमद्वारा पुलिसका विभिन्न पदमा नोकरी** पाएका छन्।

♦ पश्चिमाञ्चल विकास विभाग जल संरक्षण, सिंचाई, कृषि, शिक्षा, स्वास्थ्य, सड़क निर्माण, खानेपानीको व्यवस्था प्रभृत्ति प्रकल्पहरूमा अग्राधिकार आधारमा रूपायित गरेका छन्।

♦ लाखको खेती गरेर उत्पादन वृद्धि गरी यस अञ्चलका मानिसहरूलाई

रोजगारो सुयोग प्रदान गरियो।

- शिशुहरूको अपुष्टि हार कम्ती गराउन बाँकुड़ा, पुरुलिया, पश्चिम मेदिनापुर जिल्लामा Nutrition Rehabilitation Center निर्माणको कार्य पनि यही विभागले सम्पन्न गर्यो।

● **नारी तथा शिशु विकास एवं समाजकल्याण-**

- **कन्याश्री** प्रकल्पमा **वार्षिक आयको सीमा हटाइदिइएको छ फलस्वरूप अहिले सबै कन्याश्री।** राज्यभरी **60 लाखभन्दा धेर कन्याश्रीहरू** छन्।
- **के-1 प्रकल्पमा भत्ताको परिमाण 750 देखि बढ़ाएर रू.1000** गरिएको छ।
- **के-3 प्रकल्पमा युनिभर्सिटीमा विज्ञान लिएर पढ्ने केटीहरूको निम्ति मासिक 2,500 तथा कला-वाणिज्यको निम्ति रू.2000** भत्ता दिइँदैछ।
- **कन्याश्री प्रकल्पले विश्वका 62 देशका 552 विभिन्न प्रकल्पहरूलाई उच्छिन्दै पुरस्कार हत्याउन सफल बन्यो।**
- यसबाहेक चालु गरिएको छ नयाँ **रूपश्री** र **मानविक** प्रकल्प।
  - **रूपश्री प्रकल्पमा** सर्वाधिक डेढ़ लाख रूपियाँ वार्षिक आयको परिवारहरूलाई 18 वर्ष पुगेका **छोरीको विवाहको निम्ति 25 हजार एककालीक अनुदान** दिँदैछ।
  - **मानविक प्रकल्पमा 2 लाख उपभोक्ताहरूलाई रू.1000 गरी प्रतिबन्दी भत्ता** दिइँदैछ।

● **खाद्य सुरक्षा कर्मसूची- खाद्य साथी प्रकल्प-**

- **खाद्य साथी प्रकल्पमा राज्यका 9 करोड़ मानिसले 2 रूपियाँ केजी दरले(अथवा बजारको भन्दा आधि दाममा) खाद्यशस्य पाइरहेका** छन्। यसको निम्ति सरकारले **प्रतिवर्ष 5 हजार करोड़ खर्च** गरिरहेछ।
- राज्यभरि **डिजिटल रासिन कार्डको कार्य 100 प्रतिशत पूर्ण** भएको छ।

● **चिया बगान : चिया बगानमा बसोबासो गर्ने मानिसहरूको कल्याणको निम्ति सरकारले अनेकौं व्यवस्था लिइएको** छ।

- अल्प वा दीर्घ मियादी नीति निर्धारणको निम्ति **ग्रुप अव् मिनिस्टर्स** गठन गरिएको छ।
- **दार्जीलिङ, जलपाईगढ़ी र अलिपुरद्वार जिल्लाका निम्ति जिल्लाशासकहरूको नेतृत्वमा टास्क फोर्स गठन** गरिएको छ।
- **चिया बगानका कर्मीहरूको कल्याणको निम्ति 100 करोड़ रूपियाँको वेलफेयर फण्ड गठन** गरिएको छ।
- **FAWLOI (Financial Assiatance to the workers in Locked Out Industrial Units)** प्रकल्पमा **4 हजारभन्दा धेर चिया श्रमिकहरूले मासिक 1500 गरेर भत्ता पाइरहेका छन्। 2011 सालभन्दा अघि यसको परिमाण थियो मासिक रू.500**।
- यस प्रकल्पले विशेष नीतिगत परिवर्तन ल्याएर **पहिले जहाँ कमान बन्द भएको 1 वर्षपछि भत्ता प्रदान गरिन्थ्यो भने अहिले 3 महिनामा नै यो सुविधा प्रदान** गरिन्छ।
- चिया बगानका श्रमिकहरूको न्यनतम मजुरी संशोधन र निर्धारण गर्न **Minimum Wages Advisory Committee गठन** गरियो।
- राज्य सरकारको हस्तक्षेपमा चिया बगानका कर्मरत दैनिक मजुरी-आधारित कर्मीहरूको **न्यूनतम मजुरी 2011 सालममा दैनिक 67 देखि बढ़ाएर वर्तमान दैनिक 176 गरेर तीनगुणा बढ़ाइएको** छ।
- राज्य सरकारको हस्तक्षेपमा चिया बगानमा कर्मरत मासिक आधारित कर्मीहरूको वेतनक्रम, **न्यूनतम मजुरी संशोधन र निर्धारण नभएसम्म अन्तर्वतीकालिन रूपमा 18 प्रतिशत वृद्धि** गरियो।
- चिया बगानका कर्मीहरूलाई **परिवारका सदस्यअनुसार 2 रूपियाँ केजी गरेर 35 केजी खाद्यशस्य** दिइयो।
- 2018-19 अर्थवर्षको निम्ति चिया बगानहरूमा शिक्षा र ग्रामीण रोजगार प्रदान कार्य सकियो।
- चिया बगानहरूमा बिनामूल्य विद्युत र जल सर्वारह गरिँदैछ। विद्युतको बील दिन नसकेको कारणले विच्छिन्न भएका कनेक्सन पुन चालु गरिएको

छ।

- **शिल्प -**
    - ♦ सम्प्रीति, विपुल सफलताको साथमा आयोजित गरियो **बंगाल ग्लोबल बिजनेस समिट 2019।**
    - ♦ यसमा **अंश ग्रहण गरेका थिए 35 भन्दा धेर विदेश र देशका हजारौं प्रतिनिधिहरूले**।
    - ♦ अधिवेशनमा **65 भन्दा धेर मउहरू साइन गरियो। 2 लाख 64 हजार 288 करोड़भन्दा धेरको विनियोग प्रस्ताव**।
    - ♦ फलस्वरूप आगामी दिनहरूमा **8 देखि 10 लाख करोड़को विनियोग प्रस्ताव पाइएको थिए जसमध्ये प्राय: 60 प्रतिशत रूपायनको बाटोमा** छ।
    - ♦ तथ्य प्रयुक्ति क्षेत्रमा अझ रोजगार वृद्धिको लक्ष्य, राजारहाटमा नयाँ **बंगाल सिलकन भ्याली हब निर्माण गरिएको छ। विपुल चाहनाको कारण प्रथम चरणमा खर्च गरिएको 100 ऐकरसँग अझ 100 ऐकर जमिन प्रदान** गरिएको छ।
    - ♦ ठुलो शिल्पको निम्ति 8 वटा नयाँ **इन्ड्रसटियल पार्क** निर्माण गरिएको छ।
    - ♦ **16 वटा टीआइटी पार्क चालु** गरियो।
    - ♦ न्यूटाउनमा देशकै सर्ववृहत्त **विश्वबंगाल कनभेन्सन** सेन्टर बनाइको छ।
    - ♦ **ताजपुरमा** एउटा नयाँ **गहिरो समुद्र बन्दर**।
    - ♦ **अमृतसर-दिल्ली-कोलकाता इन्ड्रसटियल करिडर प्रकल्पा अन्तर्भुक्त रघुनाथपुरमा 2600 ऐकरमा एउटा सुसंहत उत्पादन र शिल्पको क्लस्टर निर्माण गरिंदैछ। यो प्रकल्पले धैरै रोजगारहरू** सृजना गर्नेछ।
    - ♦ **गंगासागरमा** निर्माण गरिँदैछ **गहिरो समुद्री बन्दर**।
    - ♦ **बानतोला लेदर कम्पलेक्सलाई विश्वकै सबभन्दा ठुलो लेदर कम्पलेक्सको रूपमा तयार** गरिँदैछ। यहाँ राज्यबाट नभएर बाहिरबाट पनि चर्म व्यवसायीहरू आइरहेछ। **कानपुर र चेन्नईका कतिपय व्यपारीहरूलाई**

**जमिन प्रदान गरिएको छ र अरूलाई पनि प्रदा**न गरिनेछ।

- 2018 सालमा प्रथमपल्ट पहाड़मा आयोजना गरियो प्रथम **हिल बिजिनेस सम्मिट**।
- **वीरभूम जिल्लाको देउचा-पाँचामी र देवानगञ्ज-हरिनसिंघा क्षेत्रमा देशकै सर्ववृहृत कोइला खानी** निर्माण गरिँदैछ। फलस्वरूप आगामी दिनमा यहाँ प्रचुर युवक-युवतीहरूले रोजगार पाउने छन्। यो सर्ववृहत्त प्रकल्पले वीरभूम जिल्लामा बजार शिल्पको प्रचुर सम्भावनाहरू देखाएको छ।
- **क्षुद्र,मझौलो र साना शिल्प ब्यांक ऋण प्रदानमा बंगाल भएको छ नम्बर -1।**

● **लोक निमार्ण र परिवहन -**

- **प्राय: 16 हजार करोड़ रुपियाँ अन्तसंरचनाको निम्ति प्रदान** गरिएको छ। यो **फ्लाइओभर, पिउने पानी, सड़क, सेतु निर्माण र अन्यान्न कार्यको निम्ति खर्च गर्नुपर्नेछ**।
- हातमा लिइएको छ **3200 करोड़ पूर्व मेदिनापुरको मेछोग्रामदेखि मुर्शिदाबादसम्म 210 किमी North South Road Corridor विकासको कार्य**। यो सम्पूर्ण भए **उत्तरबंगाल र दक्षिणबंगालका माझका छक 34 बाहेक अझै एउटा विकल्प सड़क व्यवस्था निर्माण** भइरहेछ।
- **भूटान-बंगालदेश संयोजक एसियन हाइवे Asian Highway 48** निर्माण भइरहेछ।
- **नेपाल-बंगलादेश संयोजक एसियन हाइवे - 2(Asian Highway -2)** निर्माण भइरहेछ।
- केशियाड़ी र नयाग्राम ब्लकको खड़कपुर-केशियाड़ी बाटो र नयाग्राम-धुमसाई बाटको माझ **सुवर्ण रेखा नदीमाथि 170 करोड़ व्याय गरी जंगलकन्या सेतु निर्माण** भइरहेछ।
- **आमकतालमा कंसावती नदीमाथि लालगढ़ सेतु** निर्माण भइरहेछ।
- **कोलकाताको अन्तराष्ट्रीय स्तरको कनभेनसन सेन्टर सौजन्य ओपन एयर**

**थियेटरको उत्तीर्ण** शुरु गरियो। यसबाहेक **2400 सीटयुक्त क्षमतासम्पन्न प्रेक्षागृह धनधान्य निर्माणको** कार्य भइरहेछ।

- **अन्डालमा काजी नजरूल इस्लाम विमानबन्दर** निर्माणको कार्य सम्पन्न भएर उड़ान शुरु भयो। यो नै हो हाम्रो **देशको सर्वप्रथम बेसरकारी तत्परतामा निर्मित Greenfield Airport**
- **पानागढ़मा 6 लेनको बाइपास** निर्माण गरियो।
- प्राय: 125 करोड़ रूपियाँको लागतले नामखानाको छेउ **NH-117** जातीय सड़कमा **हातानीया-दोयानीया नदीमाथि सेतु** निर्माण भइरहेछ।
- **बाटानगर-जिडिजिराबजार सम्प्रीति फ्लाइओभर तथा गार्डनरीच र कमालगाजी फ्लाइओभर** निर्माण भइरहेछ।
- **माझारहाट फ्लाइओभर** बनिँदैछ।
- **मूड़ीगंगा नदीमाथि फलामको सेतु निर्माणको** कार्य चलिरहेछ।
- हातमा लिइएको छ **"Safe Drive Save life'** कर्मसूची। फलस्वरूप उल्लेखनीय रूपले कम्ती भएको छ पथ दुर्घटना र घायल संख्या।
- **असंख्यौं नयाँ बस, इलेक्ट्रिकल बस, जलयान, महिलाहरूद्वारा चालित पिंक ट्याक्सी चालु** गरिएका छ।

● **विद्युत र अचुक शक्ति**

- राज्यमा लोडशेडिङ अहिले इतिहास भएको छ।
- प्राय: 100 प्रतिशत घरमा विद्युत पुगेको छ।
- 2011 सालमा राज्यमा जतिबेला मात्र 2 मेगावाट सौर विद्युत उत्पादन हुन्थ्यो तब 130 मेगावाटको सौर्य विद्युत उत्पादन हुन्थ्यो। आगामी एकवर्षमध्ये सौर विद्युत उत्पादन अझ प्राय: 100 मेगावाट वद्धि हुनेछ।
- राज्यका प्राय: डेढ़ हजार स्कुलहरूमा नै 10 किलोवाट गरेर सौरविद्युत उत्पन्न भइरहेछ।
- दीघाको छेउमा दादनपात्ररोडमा 200 वाटको सौर्य विद्युत उत्पादन गर्ने क्षमतासम्पन्न सोलार ट्री बसाउने कार्य भइरहेछ।

- **सिँचाई -**

  - **निम्न दामोदर अववाहिकामा सिँचाई र बाढ़ नियन्त्रन व्यवस्थालाई नियन्त्रण गर्न हातमा लिइएको छ 2768 करोड़ रूपियाँको एउटा वृहत्त प्रकल्प।** यो प्रकल्प वास्तविक रूपमा परिणत भए बाँकुड़ा, बर्द्धमान, हुगली र हाउड़ाका प्राय: 30 लाख मानिसहरू उपकृत हुनेछन्।
  - **आरामबाग महकुमामा बाढ़ नियन्त्रको उद्देश्यले 30 करोड़ रूपियाँको आरामबाग मास्टर प्लान** प्रस्तुत गरिएको छ जसले वास्तविकता पाएपछि आरामबाग, खानाकुल - 1 र 2, ब्लकका विस्तीर्ण क्षेत्रका मानिसहरू।
  - **650 करोड़ रूपियाँ खर्च गरे केलेघाई-कपालेश्वरी-बगाई खाल संस्कारको कार्य सम्पन्न हुनेछ। फलस्वरूप पश्चिम र पूर्व मेदिनापुर तथा झाड़ग्राम जिल्लाका 14 वटा ब्लकको प्राय: 4 लाख मानिसहरू उपकृत** बन्नेछन्।
  - **434 करोड़को कान्दी मास्टर प्लान प्राय:** सकिन आटेको छ। यो प्रकल्पले मूर्त रूप लिए वरिपरिका **जिल्लाहरूका 5 लाख मानिसहरू उपकृत** बन्नेछन्।
  - पश्चिम मेदिनापुर जिल्लाको घाटल क्षेत्रमा बाढ़ नियन्त्रणको निम्ति प्राय: **2 हजार करोड़ घाटाल मास्टर प्लान तयारी गरिँदैछ। प्राय: 27 लाख मानिसहरू उपकृत** बन्नेछन्।
  - **प्राय:114 करोड़ खर्च गरी मेदिनापुरको प्रधान नहर सुधारको कार्य** भइरहेछ

- **जनस्वास्थ्य कारिगरी -**

  - राज्यका **प्रत्येक घरमा पिउने पानी** पुर्याउन अनेक प्रकल्पहरूको कार्य चलिरहेछ। गत साढ़े सात वर्षमा यो उद्योगमा **प्राय: 12 हजार करोड़ रूपियाँ खर्च** गरियो।
  - **2011 सालको मई महिनामा 36 प्रतिशत** मानिसले नलवाहित पानी पाउँथे **जो हाल 60 प्रतिशत बढ़ेको** छ। **चलिरहेका कार्य समाप्त भए प्राय: 75 प्रतिशत मानिसले नलवाहित विशुद्ध पिउने पानी पाउने** छन्।
  - **राज्यका पूर्व मेदिनापुर, उत्तर 24 परागना, दक्षिण 24 परागना र बाँकुड़ा जिल्लाको प्राय:16 लाख आर्सेनिक र अन्यान्न प्रकारका दुषित**

**प्रभावित मानिसहरूकोमा नलवाहित विशुद्ध खाने पानी पुर्याउने 2300 करोड़को प्रकल्प चलिरहेछ। (West Bengal Drinking Water Sector Improvement Project)**

- प्रकल्पको माध्यमद्वारा यी समस्त क्षेत्रहरूमा **24 घण्टै प्रत्येक व्यक्ति 70 लिटर नरोकीकन खाने पानी** पुर्याउन सकिन्छ।
- सम्पूर्ण प्रकल्पको पर्यवेक्षण गरिन्छ अत्याधुनिक प्रयुक्तिदवारा।
- फलस्वरूप जिल्ला, ब्लक र ग्रामस्तरमा पानी सर्वराह अन्तसंरचना उन्नतमानको बनाउन पर्नेछ।
- **प्राय:1200 करोड़ रूपियाँको जाइका जल परियोजनाको कार्य हातमा परेको छ। यो देशकै सर्ववृहत्त पानीको परियोजना हो जसद्वाराप पुरुलिया जिल्लाका 9 वटा ब्लकका 8 लाख मानिसहरु उपकृत** हुनेछन्।

- **वन र पर्यटन -**

  - **सबुजश्री** प्रकल्पद्वारा राज्यका **24 लाख शिशुहरूलाई मूल्यवान बिरुवा प्रदान** गरियो।
  - राज्यभरिका **होम-स्टे टुरिज्मको** माध्यमद्वारा **मानिसहरूलाई आय उपार्जन** प्रदान गर्यो। **यसमा होम स्टेहरूलाई स्पेशल इन्टेसिभ दिने नीति सरकारले बनाएको** छ।
  - पर्टयन कार्यलयका **टुरिस्ट लजहरूलाई** नयाँ रूपले सजाइँदैछ।
  - **पाहाड़देखि सागर**-नयाँनयाँ प्रकल्पको माध्यमद्वारा **पर्यटन केन्द्रहरूको आन्तसंरचना उन्नत र अझ आकर्षनीय पार्ने कार्य** चलिरहेछ।
  - **गजलडोबामा** निर्माण भइरहेछ **इको टुरिज्म-भोरेर आलो**।
  - दार्जीलिङ जाने बाटोमा **सिलगढ़ीदेखि 5 कि.मी टाढ़ोमा उत्तरबंगाल वन्यप्राणी पार्क-बंगाल सफारी** निर्माण भएको छ।
  - **काँथीदेखि दीघासम्म मरिन ड्राइभ** शुरु गरियो।
  - **बोलपुरको रांगा वितान** पर्यटन केन्द्रमा समस्त सुविधाहरूसह 10 वटा कटेज निर्माण गरिएको छ।

- **बक्रेश्वरमा टुरिस्ट रिसोट** बनाइँदैछ।
- **तारापीठ मन्दिर, पाथरचापुरीको दाता बाबा (साहेब)** -को मजारमा उन्नति गरियो।
- प्राय**: 14 करोड़ रूपियाँ** खर्च गरी बोलपुरको **खवैया धारमा बाउल बितान** बनाइँदैछ।
- **कंकालीतला मन्दिर र छेउछाउको अञ्चललाई विकसित** गरिँदैछ।
- **बलागढ़मा सबुजद्वीप इको-टुरिज्म प्रकल्प** शुरु गरियो।
- **झाड़ग्राम राजबाड़ीको** सुधारको साथसाथै **एकाधिक कटेज निर्माण** गरिँदैछ।
- **सागरमा सागरको छाल र रूप सागर** नामको 2 वटा समुद्री सैकतलाई विश्वस्तरीय पर्यटनस्थलको हिसाबले तयारी पारिँदैछ।
- **तारापीठ-रामपुरहाट, बक्रेश्वर, फुरफुरा शरिफ तथा पाथरचापुरी विकास कर्तृपक्ष गठनको माध्यमले संशिल्ष्ट क्षेत्रहरूको संरचना** विकास काम चलिरहेछ।
- **दक्षिणेश्वर काली मन्दिरको बत्ती राम्रो गरेको** छ। यहाँ **रानीरासमणी स्केवर पनि** बनाइँदैछ।

● **श्रम**

- राज्यका असंगठित शिल्प र स्वनयुक्ति क्षेत्र(कृषि, निर्माण शिल्प, परिवहन, बिँडी बनाउने इत्यादि) -सँग युक्त रहेका श्रमिक एवं तिनीहरूको परिवारलाई **सामाजिक सुरक्षा दिनु शुरु** गरिएको छ सामाजिक सुरक्षा योजना।
- यो योजनामा पञ्जीकरण गर्न उपभोक्ता एवं तिनीहरूको परिवार सदस्यहरूको निम्ति छ एकाधिक सुविधा:
- **60 वर्ष भए वा त्योभन्दा पूर्व मारिए समस्त जमा गरिएको रकम सुद सहित फिर्ता हुनेछ।**
- **स्वभाविक मृत्यु भए 50 हजार र दुर्घटना भएर मृत्यु भए2 लाख।**
- **अंगहानी भए 50 देखि 2 लाखसम्म क्षतिपूर्ति।**

- **चिकित्साको निम्ति वार्षिक 20 हजारसम्म तथा अस्त्रोपचारको निम्ति वार्षिक 60 हजारसम्म आर्थिक सहायता।**
- **सन्तानहरूको उच्चशिक्षाको निम्ति वार्षिक 4 हजारदेखि 30 हजारसम्म भत्ता।**
- **2 जनासम्म कन्या सन्तान अविवाहिता रहेर नै स्नातक शेष गरे 25 हजारको एककालीन अनुदान।**
- यो योजनामा सारा राज्यका **92 लाखभन्दा बेसी असंगठित क्षेत्रका श्रमिक पञ्जीकृत भएका** छन्। हालसम्म 24 लाख उपभोक्ताले, 1 हजार करोड़ रूपियाँभन्दा धेर सहायता पाएका छन्। यो केन्द्रीय सरकारको पेन्सन प्रकल्पभन्दा अनेक लाभवान छन्।
- विगत **साढ़े** सातवर्षमा राज्यका **1 करोड़भन्दा धेर मानिसहरूले रोजगार पाएका** छन्। हाल **प्राय:144 करोड़ श्रमदिवस सृष्टि भएका** छन्। फलस्वरूप विगत 3 **वर्षमा राज्य सरकारको बेकारत्वको हार 40 प्रतिशत कम्ती भएका** छन्।
- राज्यका **क्याजुएल अनुबन्धित दैनिक अनुबन्दित कर्मीहरुलाई** सुरक्षा दिन तिनीहरुको **नोकरीको मियाद 60 वर्ष सम्म सुनिश्चित** गरिएको छ।

● **सुचना एवं सास्कृतिक-**

- राज्यभरिका **प्राय: दुइ लाख लोक प्रसार प्रकल्प अधिन्स्त अन्तर्भुक्त** भएका छन्। तिनिहरुले मासिक पेन्सन र रिटेनर फिस पाउँछन्।
- पत्रकार **साथीहरुको निम्ति हेल्थ इन्सुरेन्स स्कीम माभोइ** चालु गरिएको छ। राज्यका **वरिष्ठ पत्रकारहरुका निम्ति सुरु गरिएका छ नयाँ पेन्सन स्कीम**।

● **आवासन -**

- **कर्मरत महिलाहरुको निम्ति कोलकत्तामा 5 वटा हस्टेल** निर्माण गरिएको छ जसलाई नाम दिएको छ **कर्माञ्जली**।
- रोगीको आफन्तहरुलाई रात्रिवासको सुविधाको निम्ति कोलकात्ताको **निलरंजन मेडिकल कलेज तथा कलकत्ता मेडिकल कलेज एवं**

**अस्पतालमा एउटा नाइट शेल्टर** निर्माण गरिएको छ । कलकत्ताकै **आर. जी.कर मेडिकल कलेज एवं अस्पतालमा नाइट सेल्टर** वनाउने कार्य चलिरहेको छ।

- हातमा लिएको छ **रानिगंज कोइलाखानी क्षेत्रको धस्किने स्थान दुर्गापुर र आसंसोल महकुमाको विष्तिर्ण अंचलका छतिग्रस्त प्राय: 45000 मानिसहरुलाई पुनर आवासको निम्ति जामुरियाइ आवासन तयारी गर्ने** परियोजना छ।
- 68 वटा **पथसाथी** सुरु गरियो । क्यानिङमा दुइवटा र सागरमा अझै दुइवटा पथसाथी निर्माणको कार्य चलिरहेको छ।

● **खेल र युवा कल्याण -**

- नियमित रुपले आयोजित भइरहेछ उत्तर वङ्ग उत्सव, जंगल महलका, रङ्गामाटि क्रीड़ा उत्सव, सुन्दर वन कप, कुचबिहार कप क्रीड़ा प्रतियोगिता, हिमाल तराई डुवर्स क्रिरा प्रतियोगिता।
- जलपाइगढ़ीको विश्व वंगाल क्रीड्ङगन नयाँ रुपमा तयारी भएर आउदैछ।
- सम्पूर्ण रुपले संस्कारित विवेकानन्द युवा भारती क्रिरांगनमा 19 वर्ष भन्द कम्तिकाहरुको निम्ति फिफा विश्वकपको आयोजन गरियो। एउटै स्थानमा क्वाटर फाइनल सेमीफानल र फाइनलसहित अन्तराष्ट्रिय स्तरको 11 वटा म्याच आयोजना खेल इतिहासमा उदाहरण बनियो।
- ए.आइ.एफ.एफ को सहयोगितामा **राजारहाटमा निर्माण भइरहेछ फुटबलको** **National Centre of Excellence ।**
- **बारसात स्टेडियम मरमत्तिको निम्ति 5 कड़ोर रुपिया प्रदान गरिएको** छ।
- नवरुपमा निर्माण गरियो झाड़ग्राम स्टेडियम र झाड़ग्राम स्पोर्टिङ अकादमी।

● **ऐन श्रृङखला र प्रसासनिक संस्कार -**

- **जंगल महल र पहार संसगै संम्पूर्ण राज्यमा शान्तीको स्थिति** छ।
- **कम्युनिटि पुलिसको** माध्यमद्वारा जनसाधरणसँग घनिष्ट सम्पर्क स्थापना गरिएको छ, जसले गर्दा शान्ति श्रृङखला र साम्प्रदायिक सम्प्रिति बाँचि रहेको छ।

- **नयाँ वारसात र बसिरहाटमा पुलिस जिल्ला** गठन भएको छ।
- गठन भएको छ नयाँ **अलिपुरद्वार, कालेबुङ, झाड़ग्राम र पश्चिम बर्द्धमान जिल्ला**।
- गठन भएको छ नयाँ **माल्दा र मेदिनिपुर विभाग**।
- **मिरिक मान बजार र झाल्दा नया महकुमा** गठन भएको छ।
- नयाँ पुलिस जिल्ला **कागद्विप डाइमण्ड हारवर र बारुइपुरमा**।
- गठन भएको छ **बिधान नगर, ब्यारेकपुर, चन्दन नगर, हावड़ा, सिलिगुड़ी र आसानसोल-दुर्गापुर पुलिस कमिस्नरेट**।
- राज्यभरि खुलिएका छन **128 वटा नयाँ पुलिस स्टेसन**।
- **साइबरर आपराध रोक्न राज्यभरि 25 वटा सावर थाना खोलिएका छन्**।
- वारुइपुरमा निर्माण भइरहेको छ एउटा नयाँ संसोधानगर।



हामी भारतवर्षमा एकनायकतन्त्र वा अधिनायकत्व चाहँदैनौं। गणतन्त्र प्रतिष्ठा गर्न पर्छ सबैको हितको निम्ति। आउनु होस् डरको परिवेश र एधिनायकत्व मनोभावबाट देशलाई मुक्त गर्न दृढ निश्चयी बनौं। छौं आज हामी स्वाधीनबाट पराधीन-मोदीबाबु र बीजेपीको शासनमा।




2019-मा शपथ लिनु होस्
तृणमू कंग्रेसलाई भोट दिनु होस्।
अब छैन दरकार
दिल्लीमा बीजेपीको सरकार।



## आउँदो सत्रौं लोकसभा निर्वाचनमा
## सर्वभारतीय तृणमूल कंग्रेस प्रार्थीहरूलाई
## यस चिन्हमा

# भोट दिएर जिताउनु होस्।

सुब्रत बक्सी, साधारण सम्पादक र पार्थ चट्टोपाध्यायय, महासचिव, सर्वभारतीय तृणमूल कंग्रेस
कर्तृकद्वारा प्रचारित तथा फोटोस्क्यान ग्राफिक्स प्रा.लि., कोलकाता-७०००१४ कर्तृकद्वारा मुद्रित।